तुलसीपुर उपमहानगरपालिका, दाङ

# वैदेशिक रोजगारसम्बन्धी पार्श्वचित्र

## २०८०

पालिकाभित्रको जम्मा घरधुरी : ४६,०१८

वैदेशिक रोजगारमा गएको जम्मा संख्या : १३,२९९

वैदेशिक रोजगारमा रहेको संख्या : ८,८५०

वैदेशिक रोजगारबाट फर्केको संख्या : ३,०५९

अध्ययनमा गएको संख्या : १,३९०




तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, तुलसीपुर, दाङ
तुलसीपुर, दाङ

तुलसीपुर उपमहानगरपालिका, दाङ

# वैदेशिक रोजगारसम्बन्धी पार्श्वचित्र-२०८०

तुलसीपुर उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

तुलसीपुर, दाङ, लुम्बिनी प्रदेश, नेपाल

## संरक्षक

श्री टिकाराम खड्का

नगर प्रमुख

श्री स्यानी चौधरी

नगर उप–प्रमुख

## सल्लाहकार

श्री राम बहादुर के.सी.

प्रमुख प्रशासकीय अधिकृत

## सम्पादक

श्री बाबुराम न्यौपाने

तथ्याङ्क अधिकृत

## विशेष सहयोग

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सहयोग इकाइ

हेल्भेटास नेपाल

## प्रकाशक

तुलसीपुर उपमहानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

तुलसीपुर, दाङ,

लुम्बिनी प्रदेश, नेपाल

फोन नं.: ०८२-५२०२३३

दमकलः ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका

## तुलसीपुर, दाङ

## लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-



## प्राक्कथन

नेपाल संघीयतामा प्रवेश गरेसँगै नेपालको संविधान २०७२ ले संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। संविधानले यी तिनै तहका सरकारको आ-आफ्नो अधिकार क्षेत्रको सुनिश्चितता गरेको छ। स्थानीय सरकार आफ्नो एकल अधिकार सूचीका विषयमा कानुन बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने अधिकार राख्दछ। संवैधानिक व्यवस्थाअन्तर्गत गठन भएको तुलसीपुर उपमहानगरपालिकाको आफ्नो अधिकार क्षेत्रअन्तर्गत रहेर जनताको सुविधालाई मध्यनजर गर्दै आफ्ना नीति तथा विकासका योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। तुलसीपुर उपमहानगरपालिकाको वार्षिक, आवधिक तथा दीर्घकालीन योजना निर्माण गर्ने लगायत हरेक चरणका कार्यहरु योजनाबद्ध ढङ्गले अगाडि बढाउन वस्तुगत विवरण अति आवश्यक हुन्छ। यस्ता पक्षलाई मध्यनजर गर्दै यस उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको भौतिक, सामाजिक, आर्थिक लगायत सम्पूर्ण पक्षको सूचना सङ्कलन, विश्लेषण र प्रकाशन गर्दै आएको छ। जसले तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमनमा मद्दत पुगी सरोकारवालाहरुलाई सम्बन्धित क्षेत्रको विषयमा सु-सूचित हुनमा पनि सहयोग पुगेको छ।

यस तुलसीपुर उपमहानगरपालिकाले वैदेशिक रोजगारको विषयमा विस्तृत विवरण सङ्कलन गरी यस क्षेत्रको अवसर, चुनौती तथा सम्भावनाहरुको पहिचान गर्ने उद्देश्यले 'वैदेशिक रोजगारसम्बन्धी पार्श्व चित्र २०८०' तयार गरिएको छ। नेपालको संविधान २०७२ ले वैदेशिक रोजगारलाई शोषणमुक्त, सुरक्षित, मर्यादित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने नीति लिएको छ। साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई वैदेशिक रोजगारीमा रहेका श्रम शक्तिको तथ्याङ्क सङ्कलन, रोजगार सूचना केन्द्र सञ्चालन तथा सूचना प्रवाह, सीप तालिम, वित्तीय साक्षरता, पारिवारिकरसामाजिक पुन: एकीकरणलगायत वैदेशिक रोजगारीको क्षेत्रमा आधारभूत सेवा प्रवाह गर्ने जिम्मेवारी प्रदान गरेको छ। उक्त जिम्मेवारीलाई वार्षिक, आवधिक तथा रणनैतिक योजनाहरुमा समावेश गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न वा यस क्षेत्रको नियमन तथा व्यवस्थापनको लागि वैदेशिक रोजगार सम्बन्धी आधारभूत तथ्यहरुको आवश्यकता पर्दछ। यस पार्श्वचित्रमार्फत तुलसीपुर उपमहानगरपालिका भित्रको वैदेशिक रोजगारको प्रवृत्ति, प्राप्त विप्रेषण, सोको उपयोगको अवस्था, सीप तथा दक्षता र विद्यमान समस्या लगायतका जानकारी तथा तथ्याङ्कहरु उपलब्ध भएका छन्। जसले गर्दा यस क्षेत्रको व्यवस्थापनको लागि आवश्यक गतिविधिहरुको योजना निर्माण, कार्यान्वयन र अनुगमनमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु।

यस पार्श्वचित्र तयार गर्न, यसको आवश्यकताको बारेमा महसुस गराई प्राविधिक सहयोग प्रदान गर्ने नेपाल सरकार र स्वीस सरकारको द्वीपक्षीय सम्झौतामा आधारित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सहयोग ईकाई, हेल्भेटास नेपाल, वैदेशिक रोजगार बोर्डको सचिवालयलाई हार्दिक धन्यवाद प्रदान गर्दछु।

अन्तमा यो पार्श्वचित्र तयार गर्ने क्रममा सूचना तथा तथ्याङ्क उपलब्ध गराउनुहुने सम्पुर्ण तुलसीपुर उपमहानगरपालिकाबासी, वार्ड अध्यक्ष तथा सदस्य ज्यूहरु, जानिफकार व्यक्तिहरु, सत्य तथ्य सूचना लिने जिम्मेवारी निर्वाह गर्नुहुने गणकहरु र तुलसीपुर उपमहानगरपालिकामा कार्यरत कर्मचारीहरुप्रति नगर कार्यपालिकाको कार्यालय हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछ।

टिकाराम खड्का

(नगर प्रमुख)

फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका

## तुलसीपुर, दाङ

### लुम्बिनी प्रदेश, नेपाल

पत्रसङ्ख्या :-

चलानी नं. :-



## विशेष धन्यवाद !

हामी जनप्रतिनीधीहरु निर्वाचित भएर आइसकेपछि उपमहानगरपालिकाको चौतफी विकास कसरी गर्न सकिन्छ भन्ने विषय नै प्रमुख रहेको छ । विगतमा भएका सकारात्मक अभ्यासहरुलाई अवलम्बन गर्दै यस उपमहानगरपालिकाको समग्र विकासमा अवरोध सिर्जना गर्ने प्रवृत्ति तथा अभ्यासहरुलाई फरक ढंगले अघि बढ्ने सङ्कल्प र विश्वास लिएका छौं । छरिएर रहेको भूगोल तथा फरक प्रकृतिको भूगोलका कारण पनि एउटै प्रकारको सोँच तथा योजनाले विकास सम्भव छैन । भौतिक विकासलाई मात्र विकास भनिने परम्परागत सोचलाई परिमार्जन गरी भौतिक विकासका साथसाथै सामाजिक, आर्थिक, राजनैतिक तथा मानवीय विकास पनि आजको आवश्यकता रहेको छ ।

यस उपमहानगरपालिकाको १९ वटै वडाका सम्पूर्ण वस्ती तथा समुदायको समुचित विकासको जिम्मेवारी उपमहानगरपालिकाको काँधमा आएको छ । समग्र देशको आर्थिक विकासमा बिप्रेषणले महत्त्वपूर्ण भूमिका खेलेको छ । त्यसैले वैदेशिक रोजगारीबाट प्राप्त बिप्रेषणले तुलसीपुर उपमहानगरपालिकाको चौतफी विकासमा पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । तसर्थ समग्र वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सत्य तथ्य सूचनाको आवश्यकता पर्दछ । वैदेशिक रोजगारसम्बन्धी सूचना नभएकोले सत्य तथ्य सूचनाको आवश्यकता महसुस गरी आप्रवासन पार्श्व चित्र उपमहानगरपालिकाले बनाउने निर्णयको आधारमा यस क्षेत्रको आवश्यकता र पहिचानमा आधारित विकास हुन सक्छ भन्ने उद्देश्य राखेर सूचना सङ्कलन गर्ने कार्यलाई अघि बढायौं ।

विभिन्न समस्या तथा चुनौतीका बाबजुद लामो समयको प्रयासपछि वैदेशिक रोजगारको वस्तुस्थिति सम्बन्धी उपमहानगरपालिकाको आप्रवासन पार्श्वचित्र-२०८० तयार भएको छ । यस उपमहानगरपालिकाको वैदेशिक रोजगारीमा रहेका आप्रवासी श्रमिकहरुको अवस्था, वैदेशिक रोजगारीबाट फर्केर आएका आप्रवासी श्रमिकहरुको अवस्था, विप्रेषणको प्रयोगको अवस्थाका साथै वैदेशिक रोजगारसँग सम्वन्धित समस्या समेत समावेश गरिएको छ ।

सर्वप्रथम आप्रवासन पार्श्व चित्र तयारीमा प्राविधिक सहयोग गर्ने सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सहयोग इकाइ, हेल्भेटास नेपाललाई हार्दिक धन्यवाद प्रदान गर्न चाहन्छु । त्यसैगरी तुलसीपुर उपमहानगरपालिकाका वडा अध्यक्ष तथा सदस्यहरु, सम्वन्धित कर्मचारीहरु, सत्य तथ्य सूचना र तथ्याङ्क सङ्कलन गर्ने गणकहरु, समय समयमा आवश्यक सल्लाह सुझाव दिने सबै क्षेत्रका महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । यस आप्रवासन पार्श्वचित्र-२०८० का आधारमा उपमहानगरपालिकाले प्रस्तुत गर्ने योजनाहरुमा वैदेशिक रोजगारसँग सम्वन्धित सवाललाई सम्बोधन हुने विश्वास लिएको छु । आगामी दिनमा युवाहरुलाई स्वदेशमा रोजगारी गर्ने वातावरण सहज हुने विश्वास लिदै वैदेशिक रोजगारीमा जाने नै भए सही सूचना, सीप सिकेर मात्र सुरक्षित, व्यवस्थित र मर्यादित कार्य वातावरण मिल्ने अपेक्षा लिएको छु ।

**स्यानी चौधरी**

(नगर उप-प्रमुख)

फोन नं.: ०८२-५२०२३३

दमकल: ०८२-५२०३०५

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०७३

पत्रसङ्ख्या :-

चलानी नं. :-



## मन्तव्य

मुलुक संघीय संरचना अनुसार अगाडि बढिरहेको सन्दर्भमा तुलसीपुर उपमहानगरपालिकाले स्थानीय सरकारको रुपमा उपमहानगरपालिकाको वस्तुगत विवरणसहितको आप्रवासन पार्श्वचित्र तयार गर्न लागेकोमा हामी अत्यन्त हर्षित छौं। यस आप्रवासन पार्श्व चित्र २०८० मा उपमहानगरपालिकाको वैदेशिक रोजगारीको समग्र अवस्थालाई सात खण्डमा विभाजन गरी तयार गरिएको छ । यस पार्श्वचित्रले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन उपमहानगरपालिकको वार्षिक तथा आवधिक नीति तथा योजना निर्माणमा ठोस टेवा पुर्‍याउने अपेक्षा लिएको छु। साथै तुलसीपुर उपमहानगरपालिकाको वैदेशिक रोजगारीको बारेमा चासो तथा जानकारी राख्ने जो कोहीलाई पनि यो पार्श्वचित्र उपयोगी हुने आशा र विश्वास लिएको छु। वैदेशिक रोजगारीको विषयमा अध्ययन अनुसन्धान गर्ने विद्याथी एवं अनुसन्धानकर्ताहरुका लागि पथप्रदर्शक ठहरिने कुरामा विश्वस्त छु।

अन्तमा, यो आप्रवासन पार्श्वचित्र-२०८० तयार गर्न प्राविधिक सहयोग गर्ने सामी र हेल्भेटास नेपाल, वैदेशिक रोजगार बोर्ड सचिवालय, घरधुरी सर्वेक्षणमा खटिएका गणकहरु, सहयोग र समन्वय गर्ने गराउने यस तुलसीपुर उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा जनप्रतिनिधिहरु लगायत तुलसीपुर उपमहानगरपालिकाका कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

.......................................

राम बहादुर के.सी.

(प्रमुख प्रशासकीय अधिकृत)

# विषय-सूची

खण्ड-एक

## कार्यकारी सारांश


१. कार्यकारी सारांश ........ १


खण्ड-दुई

## पृष्ठभूमि तथा उद्देश्य


२. परिचय ........ ६
२.१ पृष्ठभूमि ........ ६
२.२ पार्श्वचित्र निर्माणको उद्देश्य ........ ८
२.३ पार्श्वचित्र तयारीका चरणहरू ........ ८
२.३.१ पार्श्वचित्र तयारीसम्बन्धी कार्यशाला ........ ८
२.३.२ गणकको छनौट, अभिमुखीकरण तथा परिचालन ........ ८
२.३.३ तथ्याङ्क सङ्कलन ........ ९
२.३.४ तथ्याङ्क प्रशोधन र विश्लेषण ........ ९
२.३.५ पार्श्वचित्रको मस्यौदा तयारी तथा सुझाव सङ्कलन ........ ९
२.३.६ पार्श्वचित्रको अन्तिम प्रतिवेदन तयारी ........ ९
२.४ तथ्याङ्क सङ्कलनको सीमा ........ ९
२.५ तथ्याङ्कको प्रयोगमा संवेदनशीलता ........ १०


खण्ड-तीन

## वैदेशिक रोजगारीमा रहेका व्यक्तिसँग सम्बन्धित विवरण


३. वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूको जनसाङ्ख्यिक विवरण ........ ११
३.१ वैदेशिक रोजगारमा रहेका व्यक्तिको जातिगत, लैङ्गिक तथा उमेरगत विवरण ........ १२
३.२ वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको वैवाहिक अवस्था ........ १३
३.२ वैदेशिक रोजगारीका लागि मुख्य गन्तव्य मुलुक, गएको पटक र पेशा सम्बन्धी विवरण ........ १३
३.३ सुरक्षित वैदेशिक रोजगारको प्रक्रिया अवलम्बनको अवस्था ........ १५
३.४ वैदेशिक रोजगारबाट विप्रेषणको प्राप्ति तथा उपयोगको अवस्था ........ १८
३.५ वैदेशिक रोजगारका क्रममा कामदारले सामना गर्नुपरेका समस्याहरू ........ १९
३.६ वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारले सामना गर्नुपरेका अप्ठ्याराहरू ........ २०
३.७ वैदेशिक रोजगारमा संलग्न परिवारहरूको आन्तरिक बसाइसराइसम्बन्धी विवरण ........ २१
३.८ वैदेशिक रोजगारीका कारण मृत्यु अङ्गभङ्गसम्बन्धी विवरण ........ २१
३.९ विविध ........ २२

## खण्ड-चार

## अध्ययनका लागि विदेश गएका व्यक्तिहरूसँग सम्बन्धित विवरण


४. अध्ययनका लागि विदेश गएका व्यक्तिहरूको जनसाङ्ख्यिक विवरण ........................................२३

४.१ अध्ययनका लागि विदेश गएका व्यक्तिहरूको लैङ्गिक तथा जातिगत विवरण ........................................२३

४.२. अध्ययनका लागि विदेश गएका व्यक्तिहरू गएको देश र लगानीको अवस्थासम्बन्धी विवरण .............२४

४.३. अध्ययनका लागि विदेश गएका व्यक्तिहरूको रोजगारसँग सम्वन्धित विवरण ........................................२५


## खण्ड-पाँच

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिसँग सम्बन्धित विवरण


५. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको जनसाङ्ख्यिक विवरण ........................................२६

४.१ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको जातिगत, लैङ्गिक तथा उमेरगत विवरण .....................२७

४.३ मुख्य गन्तव्य मुलुक तथा फर्केर आएका व्यक्तिहरूले आर्जन गरेका सीप तथा दक्षता .......................२८

४.४ वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरूको अवस्था, संलग्नता तथा योजना............................२९


## खण्ड-छ


५. तुलसीपुर उपमहानगरपालिकाभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित महत्वपूर्ण सवालहरू तथा सुझावहरू........३२


## खण्ड-सात


अनुसूची-१, वैदेशिक रोजगारमा रहेका व्यक्तिसँग सम्बन्धित विवरण ........................................३७

अनुसूची-२: अध्ययनमा विदेश गएका व्यक्तिहरूसँग सम्बन्धित विवरण ........................................४९

अनुसूची-३ : वैदेशिक रोजगारबाट फर्केका व्यक्तिसँग सम्बन्धित विवरण ........................................५२

# खण्ड-एक
# कार्यकारी सारांश

## १. कार्यकारी सारांश:

वैदेशिक रोजगारको विद्यमान अवस्था, समस्या तथा सवालहरूलाई उजागर गर्ने उद्देश्यले "**वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र-२०८०**" तयार गरिएको छ । जसले तुलसीपुर उपमहानगरपालिकाभित्रको वैदेशिक रोजगारको अवस्था तथा सोसँग सम्बन्धित विषयहरूको समग्र परिदृश्य प्रतिबिम्बित गर्दछ । पार्श्वचित्रमार्फत प्राप्त तथ्याङ्क तथा निचोडले वैदेशिक रोजगारीलाई सुरक्षित तथा व्यवस्थित गरी यसबाट प्राप्त सीप र पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै वैदेशिक रोजगारका कारण सिर्जित समस्या तथा समाजिक लागतलाई न्यूनीकरण गर्नका लागि आवश्यक नीति तथा योजना निर्माण, कार्यान्वयन एवम् अनुगमनका लागि महत्वपूर्ण सहयोग पुग्नेछ ।

तुलसीपुर उपमहानगरपालिका भित्रको कुल ४६,०१८ घरधुरीमध्ये १२,२६६ (२६.६५ प्रतिशत) घरधुरीका १३,२९९ जना युवाहरू विदेश गएको तथ्याङ्क प्राप्त भएको छ । विदेशमा गएकामध्ये २,९५७ घरधुरीका ३,०५९ जना युवाहरू स्वदेश फर्किसकेका छन् भने ८,०६३ घरधुरीका ८,८५० जना युवाहरू वैदेशिक रोजगारीमा नै कार्यरत रहेका छन् । त्यसैगरी १,२४६ घरधुरीका १,३९० जना युवाहरू अध्ययनको लागि विभिन्न देशहरूमा रहेका छन् । यस पार्श्वचित्रलाई विभिन्न सात खण्डमा विभाजन गरिएको छ । पहिलो र दोस्रो खण्डमा पार्श्वचित्रको कार्यकारी सारांश, तथ्याङ्क सङ्कलनको परिचय र पृष्ठभूमी उल्लेख गरिएको छ भने तेस्रो खण्डमा वैदेशिक रोजगारीसँग सम्वन्धित व्यक्तिहरूको विवरण उल्लेख गरिएको छ भने चौथो खण्डमा अध्ययनका लागि विदेश गएका व्यक्तिहरूसँग सम्वन्धित विवरण प्रस्तुत गरिएको छ । त्यसैगरी पाँचौ खण्डमा वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरूसँग सम्बन्धित विवरण उल्लेख गरिएको छ । छैटौं खण्डमा उपमहानगरपालिकाभित्र रहेका वैदेशिक रोजगारसम्बन्धी सवाल र सातौं खण्ड तथ्याङ्कसम्बन्धी अनुसूची रहेको छ ।

समग्र तथ्याङ्कलाई नियाल्दा यस उपमहानगरपालिकाबाट ८,८५० जना युवाहरू वैदेशिक रोजगारमा कार्यरत छन् । वैदेशिक रोजगारीमा कार्यरत कुल सङ्ख्यामध्ये ७ प्रतिशत महिला छन् । उपमहानगरपालिकाभित्र ब्राह्मण, क्षेत्रीहरूको बसोबासको बाहुल्यता रहेकोले अधिकांश युवाहरू ब्राह्मण, क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्न घरधुरीहरूमध्ये ५१ प्रतिशत ब्राह्मण-क्षेत्री, ३२ प्रतिशत जनजाति, १४ प्रतिशत दलित र १ प्रतिशत मुस्लिम र अन्य समुदायका रहेका छन् । उमेर समुहको तुलनामा करिब ८९ प्रतिशत व्यक्तिहरू २१ देखि ४० वर्ष उमेर समूहका रहेका छन् । उक्त तथ्याङ्कलाई नियाल्दा अधिकांश आर्थिक क्रियाकलापमा सक्रिय रूपमा सहभागी हुनसक्ने उमेर समुहका युवाहरू वैदेशिक रोजगारमा रहेको पाइएको छ । जसले गर्दा उपमहानगरपालिकाभित्रका वस्तीहरू युवाविहीन बन्दै गएको अवस्था छ । अर्कोतर्फ स्थानीय विकासका योजना तर्जुमा तथा त्यसको कार्यान्वयन प्रक्रियामा समेत युवा जनशक्तिको अभाव हुँदै गइरहेको अवस्था देखिन्छ ।

वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूको मुख्य गन्तव्य मलेसिया र खाडी मुलुक रहेको पाइएको छ । श्रम स्वीकृति लिएर गएकामध्ये सबै भन्दा बढी मलेसियामा कार्यरत युवाहरू २९ प्रतिशत रहेका छन् । त्यसपछि क्रमशः साउदी अरेबियामा २२ प्रतिशत, यू.ए.ई./दुबइमा १५ प्रतिशत, कतारमा १२ प्रतिशत, कुवेतमा ७ प्रतिशत, अमेरिकामा ५ प्रतिशत र ४ प्रतिशत युवाहरू चीन, जापान, यूरोप, लगायतका देशहरूमा कार्यरत छन्, त्यसैगरी अन्य मुलुकमा कार्यरत युवाहरू ४ प्रतिशत रहेका छन् भने २ प्रतिशत युवाहरू बहराइन, कुवेतलगायतका अन्य खाडी मुलुकमा कार्यरत छन्। वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र प्रतिफलयुक्त बनाउनका लागि वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयम् नै सुरक्षित आप्रवासन प्रक्रियाको बारेमा जानकारयुक्त हुनुका साथै गन्तव्य मुलुकमा गर्नुपर्ने कामको विषयमा सीपयुक्त हुनु उत्तिकै जरूरी छ । उक्त प्रक्रियागत सूचना तथा जानकारी

र सीपले वैदेशिक रोजगारीबाट प्राप्त हुने लाभको वृद्धि गर्न र लागत न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्न सक्छ । तर यस उपमहानगरपालिकाबाट सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना लिएर र सीप सिकेर वैदेशिक रोजगारमा जाने युवाहरूको सङ्ख्या अत्यन्त न्यून रहेको पाइएको छ । विदेशमा कार्यरत कुल ८,८५० जना युवामध्ये २९ प्रतिशत (२,५७६ जना)ले मात्र सुरक्षित वैदेशिक रोजगारसम्बन्धी आवश्यक सूचना तथा जानकारी लिएर गएको देखिन्छ ।

वैदेशिक रोजगारमा जाँदा सीप, तालिम सिकेर जाने युवाको सङ्ख्या पनि अत्यन्त न्यून रहेको पाइएको छ । वैदेशिक रोजगारमा रहेका समग्र सङ्ख्यालाई विश्लेषण गर्दा करिब ८७ प्रतिशत युवाहरू कुनै पनि सीप, तालिम नसिकी विदेश गएको पाइएको छ । फलस्वरूप उनीहरूले गन्तव्य मुलुकमा सोचे अनुरूपको लाभ प्राप्त गर्न नसक्नुका साथै कार्यस्थलमा दुर्घटनालगायतका विभिन्न खालका जोखिम तथा कठिनाइको सामना गर्नु परिरहेको विवरण तथ्याङ्क सङ्कलनको क्रममा प्राप्त भएको छ । वैदेशिक रोजगारमा रहेको कुल सङ्ख्या ८,८५० जनालाई नियाल्दा करिब ५३ प्रतिशतले मात्र राहदानी, सम्झौता-पत्र लगायतका अत्यावश्यक कागजपत्रको प्रतिलिपि घरपरिवारमा छोडेको पाइएको छ । जुन कागजपत्रहरू समस्या परेमा सहयोग तथा न्याय प्राप्तिका लागि अनिवार्य रूपमा आवश्यक हुन्छ । उक्त तथ्यले वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरूलाई लक्षित गरी सूचना प्रवाह कार्यमा जोड दिनुपर्ने देखिन्छ । विदेशमा कार्यरत युवाहरूमध्ये करिब ९६ प्रतिशतले नेपालको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा गएका छन् । करिव १ प्रतिशत युवाहरू भारतको बाटो भएर वैदेशिक रोजगारमा गएको तथ्याङ्क प्राप्त भएको छ । भारतको बाटो भएर वैदेशिक रोजगारमा जाँदा अलेखवद्ध हुने र ठगी लगायतका समस्या तथा जोखिम पर्ने सम्भावना हुने हुनाले वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरूलाई लक्षित गरी यस विषयमा पनि स्थानीयस्तरमा सचेतना विस्तार भएको देखिन्छ । २ प्रतिशत युवाहरू अन्य मुलुक हुँदै गएको र बाँकी १ प्रतिशत कुन बाटो भएर गएको परिवारलाई थाहा नभएको तथ्याङ्क प्राप्त भएको छ ।

**वैदेशिक रोजगारीमा गएका युवाहरूमध्ये करिब ५९ प्रतिशत युवाहरू मेनपावर कम्पनी (इजाजत प्राप्त संस्था) मार्फत वैदेशिक रोजगारीमा गएको तथ्याङ्क प्राप्त भएको छ । त्यसैगरी ३० प्रतिशत युवाहरू बिचौलिया (स्थानीय एजेन्ट)हरूको सहारा लिनुपर्ने अवस्था हालसम्म पनि विद्यमान रहेको पाइएको छ । त्यसैगरी ६ प्रतिशत युवाहरू आफन्त मार्फत, १ प्रतिशत युवाहरू G to G(Government to Government) प्रक्रियामार्फत कोरियालगायतका मुलुकहरूमा गएको विवरण प्राप्त भएको छ, भने ४ प्रतिशत वैदेशिक रोजगारीमा रहेका युवाहरूको परिवारका सदस्यलाई थाहा नभएको अवस्था रहेको छ । स्थानीय युवाहरूको मेनपावर कम्पनीसम्म प्रत्यक्ष पहुँच नहुनु साथै दुरदराजका वस्तीहरूमा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताको बारेमा सूचनाहरू नपुग्ने हुनाले बिचौलिया (स्थानीय एजेन्ट) प्रति निर्भर हुनुपर्ने बाध्यात्मक अवस्था देखिन्छ । जसले गर्दा बिचौलिया (स्थानीय एजेन्ट)हरूको विभिन्न खालका चलखेलका कारण प्रक्रियागत ढिलाइ हुनुका साथै अधिकांश युवाहरूले सरकारले तोकेको लागतको सीमाभन्दा १० देखि १५ गुणासम्म बढी रकम तिर्नुपर्ने अवस्था देखिएको छ । सरकारले खाडी मुलुक तथा मलेसिया जानको लागि फ्रि भिषा, फ्रि टिकटको व्यवस्था गरे पनि वैदेशिक रोजगारमा रहेकामध्ये ४ प्रतिशत (३३० जना) युवाहरू मात्र फ्रि भिषा, फ्रि टिकटको प्रावधान अनुसार विदेश गएको पाइएको छ । करिब ४५ प्रतिशतले दुई लाख रूपैंयाभन्दा माथि रकम, ५१ प्रतिशतले ११ हजार देखि २ लाखसम्म रकम बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई बुझाएर विदेश गएको तथ्याङ्क प्राप्त भएको छ । वैदेशिक रोजगारमा गएकामध्ये ८० प्रतिशत युवाहरूले वैदेशिक रोजगारमा जाँदा ऋण लिएर बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई बुझाएको अवस्था छ । उक्त ऋण साथीभाई तथा साहुमहाजनबाट चर्को व्याजमा लिएको तथ्याङ्क प्राप्त भएको छ । करिब ५९ प्रतिशत युवाहरूले २५ देखि ३६ प्रतिशतभन्दा बढी व्याजदरमा ऋण लिएको अवस्था छ । बैंक तथा वित्तीय संस्थाबाट जम्मा ६ प्रतिशत युवाले मात्र ऋण लिएको अवस्था छ । उक्त तथ्यले बैंक तथा वित्तीय संस्थामा युवाहरूको कमजोर पहुँच रहेको देखिन्छ ।**

वैदेशिक रोजगारको सबल पक्ष भनेको नै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन हो । प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार सिर्जना गर्न सकेमा चक्रीय रूपमा वैदेशिक

रोजगारमा जानुपर्ने बाध्यात्मक अवस्थाको न्यूनीकरणमा मद्दत पुग्न सक्छ । यस उपमहानगरपालिकामा वार्षिक रूपमा २ अर्ब ८४ करोड २१ लाखको हाराहारीमा विप्रेषण भित्रिने गरेको सङ्कलित तथ्याङ्कले देखाएको छ । (उक्त तथ्याङ्क वैदेशिक रोजगारमा रहेका ८,८५० जना कामदारमध्ये ७,२४९ जना कामदारको परिवारले एक वर्षमा प्राप्त गरेको विप्रेषणको विवरणको आधारमा तयार गरिएको हो ।) वार्षिक रूपमा प्राप्त भएको समग्र विप्रेषणलाई ७,२४९ जनाको मासिक कमाइको रूपमा गणना गर्दा वैदेशिक रोजगारमा रहेको युवाहरूले प्रतिव्यक्ति प्रति महिना औषतमा ३२ हजार ५ सयको हाराहारीमा परिवारलाई विप्रेषण पठाइरहेको अवस्था छ । वैदेशिक रोजगारमा रहेको ८,८५० मध्ये करिब १८ प्रतिशत (१,६०१ जना) युवाहरूले परिवारलाई विप्रेषण पठाएको अवस्था छैन । कतिपय युवाहरू भर्खरै गन्तव्य मुलुक पुगेको, केही युवाहरूले गन्तव्य मुलुकमा नै बचत गर्ने गरेको र कतिपय युवाहरू विभिन्न समस्यामा रहेकोले उनीहरूले विप्रेषण नपठाएको विवरण प्राप्त भएको छ । एक वर्षमा प्राप्त भएको कुल विप्रेषणमध्ये सबै भन्दा बढी साउदी अरेबियाबाट २५ प्रतिशत, मलेसियाबाटबाट २३ प्रतिशत, यु.ए.ई.बाट १६ प्रतिशत, कतारबाट १४ प्रतिशत, कुवेतबाट ६ प्रतिशत, अमेरिकाबाट ५ प्रतिशत र अन्य मुलुकवाट ११ प्रतिशत विप्रेषण प्राप्त भएको छ । यसरी हेर्दा यस उपमहानगरपालिकाभित्रका युवाहरूको मुख्य गन्तव्य मुलक मलेशिया र खाडी मुलुकबाट जम्मा ८५ प्रतिशत विप्रेषण भित्रिएको पाइएको छ ।

प्राप्त तथ्याङ्कलाई हेर्दा तुलसीपुर उपमहानगरपालिकाभित्र ठुलो आकारमा विप्रेषण भित्रिने गरेको पाइएको छ । उक्त विप्रेषणले आधारभूत आवश्यकता परिपूर्ति गर्नुको साथै निम्न वर्गीय परिवारको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा उल्लेख्य पहुँच वृद्धि भएको पाइएको छ । समग्रमा हेर्दा विप्रेषणले स्थानीय जनजीवनलाई आर्थिक रूपमा महत्वपूर्ण टेवा पुऱ्याइरहेको देखिन्छ; तथपि उपमहानगरपालिकाभित्र ठूलो आकारमा भित्रिरहेको विप्रेषणको समुचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा परिचालनको लागि संस्थागतरूपमा योजनाबद्ध प्रयासको कमी देखिएको छ । प्राप्त विप्रेषणको ठुलो हिस्सा करिब ३७ प्रतिशत ऋण तिर्नको लागि प्रयोग हुने गरेको देखिन्छ । त्यसैगरी १७ प्रतिशत घर बनाउनमा, ८ प्रतिशत घर खर्च तथा खानपानमा, ७ प्रतिशत शिक्षामा, ६ प्रतिशत स्वास्थ्य उपचार खर्चमा, जग्गा खरिदमा ६ प्रतिशत, जिन्सी सम्पत्ति जोड्नमा ३ प्रतिशत, र ऋण लगानी १ प्रतिशतको हाराहारीमा खर्च हुने गरेको पाइएको छ । समग्रमा १४ प्रतिशत विप्रेषण बचत गरेको देखिन्छ भने व्यवसाय शुरूवातमा १ प्रतिशत रहेको पाइएको छ । उक्त तथ्याङ्कलाई हेर्दा विप्रेषणको सानो हिस्सा मात्रै व्यवसाय शुरूवात तथा प्रवर्द्धनमा प्रयोग भइरहेको अवस्था छ । अतः विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि स्थानीय सरकारले स्थानीयस्तरको श्रोत-साधन, उत्पादन क्षेत्र तथा बजारको विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा तथ्यमा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप तथा विप्रेषणले देशको समग्र आर्थिक विकासमा योगदान पुगिरहेको भए पनि वैदेशिक रोजगारमा रहेका र वैदेशिक रोजगारीमा जान लागेका व्यक्तिहरूले ठगी लगायतका विभिन्न खालका समस्याहरू भोग्नु परिरहेको अवस्था विद्यमान छ । वैदेशिक रोजगारमा कार्यरत युवाहरूमध्ये ५ प्रतिशतले नेपालमा करार सम्झौता बमोजिमको काम तथा तलब विदेशमा नपाएको लगायतका विभिन्न खालका समस्याहरू भोगिरहेको पाइएको छ । त्यस बाहेक आफू कार्यरत कम्पनी मालिकले स्वदेश फर्कन नदिएको, खाना तथा तलब सुविधा नपाएको समस्याहरू पनि तथ्याङ्क सङ्कलनको क्रममा प्राप्त भएका छन् । अर्कोतिर उनीहरूको अनुपस्थितिमा परिवारका सदस्यहरूमा पारिवारिक व्यवस्थापन, सामाजिक कार्य तथा पेशागत जिम्मेवारीका कारण कार्यबोझ बढिरहेको जानकारी प्राप्त भएको छ । बालबालिकाहरूलाई उचित हेरचाह एवम् जेष्ठ नागरिकहरूलाई अपेक्षाकृत रूपमा आवश्यक सहयोग प्राप्त भइरहेको छैन । कतिपय परिवारका जेष्ठ नागरिकहरू सहाराविहीन बन्दै गइरहको अवस्था पनि पाइएको छ । वैदेशिक रोजगारमा रहेका कुल ८,०६३ घरधुरीमध्ये १ प्रतिशत घरधुरीमा जेष्ठ नागरिकहरू मात्र बासोबास गरिहेको पाइएको छ । समग्रमा भन्नुपर्दा वैदेशिक रोजगारीका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्याहरू पनि सिर्जना हुँदै गइरहेको देखिन्छ । विकासका प्राथमिकताहरू भौतिक विकासको क्षेत्रमा केन्द्रित हुँदा यस्ता पारिवारिक

तथा सामाजिक समस्याहरू ओझेलमा पर्दै गइरहेको छ । यस्ता समस्याहरूलाई समयमा नै सम्बोधन गर्न सके समृद्ध समाज निर्माण भई विकास प्रक्रिया चुस्त रूपमा अघि बढ्न सक्छ ।

तुलसीपुर उपमहानगरपालिकाबाट वैदेशिक रोजगारमा संलग्न कुल १३,२९९ जनामध्ये ३,०५९ जना व्यक्तिहरू स्वदेश फर्केर आएको तथ्याङ्क प्राप्त भएको छ । फर्केर आएका जम्मा व्यक्तिमध्ये ३ प्रतिशत महिला रहेका छन् । फर्केका व्यक्तिहरूमध्ये ४५ प्रतिशत ब्राह्मण-क्षेत्री समुदायका रहेका छन् । त्यसैगरी जनजाति ३८ प्रतिशत, दलित १५ प्रतिशत रहेको पाइएको छ । बाँकी २ प्रतिशत विभिन्न जातिका रहेका छन् । देशगत रूपमा तुलना गर्दा सबैभन्दा बढी व्यक्तिहरू मलेसिया र खाडी मुलुकबाट फर्केर आएका छन् । वैदेशिक रोजगारबाट फर्केका कुल ३,०५९ जनामध्ये साउदी अरेबियाबाट सबैभन्दा बढी ३५ प्रतिशत युवाहरू फर्केका छन् । त्यसपछि क्रमशः मलेसियाबाट २८ प्रतिशत यू.ए.ई./दुबईबाट १९ प्रतिशत, कतारबाट १५ प्रतिशत र बाँकी ३ प्रतिशत युवाहरू विभिन्न मुलुकबाट फर्केर आएको तथ्याङ्क प्राप्त भएको छ । फर्केर आएका व्यक्तिमध्ये ४५ प्रतिशत व्यक्तिहरूले करार सम्झौता अवधि पूरा भएका कारण फर्केर आएका छन् । १९ प्रतिशत व्यक्तिहरू उनीहरू कार्यरत रहेको कम्पनीमा समस्या भएर फर्किएका छन् भने ११ प्रतिशत राजीनामा दिएर परिवारसँग बस्न फर्किएको अवस्था छ । त्यसैगरी अन्य विभिन्न कारणले १४ प्रतिशत र स्वास्थ्य समस्या भएर फर्किनेहरूको सङ्ख्या ११ प्रतिशत रहेको छ ।

वैदेशिक रोजगारबाट फर्केर आएका युवाहरूमध्ये ६६ प्रतिशतले कुनै न कुनै **सीप तालिम लिएर फर्केको पाइएको छ । वैदेशिक रोजगारबाट फर्किंदा सीप तथा दक्षता लिएर आएका** युवाहरूलाई **क्षेत्रगत विज्ञताको आधारमा योजनाबद्ध रूपमा परिचालन गर्न सके स्थानीय विकास प्रक्रियामा महत्वपूर्ण सहयोग पुग्न सक्ने देखिन्छ । कतिपय** यूवाहरूसँग **सीप तथा दक्षता हुँदाहुँदै पनि आफूसँग भएको सीपको प्रमाण पत्र नहुँदा स्थानीय रोजगारीका अवसरहरूमा प्रतिस्पर्धा तथा सहभागी हुन बन्चित हुनु परेको समस्याहरू पनि प्राप्त भएका छन् । वैदेशिक रोजगारबाट फर्केर आएका** युवाहरूले **आफूसँग भएको सीपलाई परीक्षण गर्ने योजना रहेको बताएका छन् । यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायहरूसँगको सहकार्यमा सीप परीक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्नसके प्रभावकारी हुन सक्ने देखिन्छ ।**

**वैदेशिक रोजगारीबाट फर्केका ३,०५९ जनामध्ये २० प्रतिशत व्यक्तिहरू बेरोजगार रहेको र उनीहरू जागिरको खोजिमा रहेको तथ्याङ्क प्राप्त भएको छ । रोजगारको खोजिमा रहेको सङ्ख्या ठुलो भए पनि हालसम्म जागिर गरिरहेको २ प्रतिशत स्वरोजगारमा संलग्न सङ्ख्या करिब ८ प्रतिशत, होटेल व्यवसाय गरिरहेका १ प्रतिशत, कृषि पेशा गरिरहेको २२ प्रतिशत, पशुपालन ३ प्रतिशत र अन्य व्यवसायमा संलग्न ८ प्रतिशत मात्र रहेको पाइएको छ । त्यसैगरी ३६ प्रतिशत व्यक्तिहरू तत्काल पुनः वैदेशिक रोजगारीमा जानलाई प्रक्रियामा रहेको पाइएको छ ।** विदेशमा मेहनतको साथ कमाएको रकमलाई आयमूलक क्रियाकलाप तथा व्यवसाय सञ्चालनमा लगानी गर्ने सोच आफैमा महत्वपूर्ण छ । व्यवसाय शुरूवात गर्ने योजना बनाएका सबै युवाहरूमा सोसम्बन्धी ज्ञान, सीप तथा पर्याप्त पुँजी नभएको अवस्था पनि देखिएको छ । यस्तो अवस्थामा उनीहरूले बनाएको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकार मार्फत प्राविधिक सहयोग तथा सहुलियत कर्जा लगायतको सहयोगको अपेक्षा राखेको तथ्याङ्क पनि प्राप्त भएको छ । जसलाई विस्तृत रूपमा तालिका तथा अनुसूचीहरूमा उल्लेख गरिएको छ । हाल उच्च शिक्षा अध्ययनका लागि विभिन्न देशहरूमा जानेक्रम बढी रहेको छ । वैदेशिक रोजगारीमा संलग्न ३,२९९ जनामध्ये १,३९० जना यस उपमहानगरपालिकाबाट अध्ययनका लागि गएको तथ्याङ्क प्राप्त भएको छ । स्वदेशमा रोजगारीका अवसर पर्याप्त नभएका कारण अध्ययनका लागि विदेश गए पनि काम गरेर पैसा कमाउने तथा उज्वल भविष्य बनाउने नै लक्ष्य रहेको देखिन्छ । यस उपमहानगरपालिकामा वार्षिक करिब २ अर्ब ८४ करोड विप्रेषण भित्रिएको देखिए तापनि २ अर्ब ७१ करोड अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई तिरेको तथ्याङ्क प्राप्त भएको छ । विदेशमा अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई भुक्तानी गरेको रकमको लेखजोखा तथा विश्लेषण गर्न आवश्यक रहेको छ । जुन मननयोग्य विषय हो ।

# खण्ड-दुई
# पृष्ठभूमि तथा उद्देश्य

## २. परिचय

नेपालको संविधान २०७२ ले संघीय, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ। संविधानले यी तीनै तहका सरकारको आ-आफ्नो अधिकार क्षेत्र सुनिश्चित गरेको छ। स्थानीय सरकार आफ्नो एकल अधिकार सूचीका विषयमा कानुन बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने अधिकार राख्दछ। संवैधानिक व्यवस्था अन्तर्गत गठन भएको तुलसीपुर उपमहानगरपालिकाले आफ्नो अधिकार क्षेत्र अन्तर्गत रहेर जनताको सुविधालाई मध्यनजर गर्दै आफ्ना नीति तथा विकासका योजना तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ। उपमहानगरपालिकाको वार्षिक, आवधिक तथा दीर्घकालीन योजना निर्माण गर्ने लगायत हरेक चरणका कार्यहरू योजनाबद्ध ढंगले अगाडि बढाउन उपमहानगरपालिकाको बस्तुगत विवरण आवश्यक रहेको छ। यस्ता पक्षहरूलाई मध्यनजर गर्दै यस उपमहानगरपालिकाले आफ्नो क्षेत्रभित्रको भौतिक, सामाजिक, आर्थिकलगायत सम्पूर्ण सूचना सङ्कलन, विश्लेषण र प्रकाशन गर्दै आइरहेको छ। जसले तथ्यमा आधारित योजना निर्माण, कार्यान्वयन र अनुगमनमा मद्दत पुग्नुका साथै सरोकारवालाहरूलाई सम्बन्धित विषयहरूमा सु-सूचित हुनमा पनि सहयोग पुगेको छ।

नेपालको संविधानले रोजगारीलाई मौलिक हकको रूपमा स्थापित गरी प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हकको व्यवस्था गरेको छ। संविधानको धारा ५१ (झ) मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गरी वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने व्यवस्था उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए सँगै रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, रोजगार सूचना केन्द्रको सञ्चालन र सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा सीप तालिम प्रदान लगायतका महत्वपूर्ण सेवाहरू प्रवाह गर्ने जिम्मेवारी स्थानीय सरकारको रहेको छ। उक्त ऐनको परिच्छेद ३ दफा ११ को उपदफा २ (थ) मा भएको व्यवस्था बमोजिम स्थानीय सरकारले आफ्नो स्थानीय तहभित्रको सुरक्षित वैदेशिक रोजगारी एवं वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना सङ्कलन तथा व्यवस्थापन गर्नुपर्ने उल्लेख गरिएको छ। यो परिप्रेक्ष्यमा तुलसीपुर उपमहानगरपालिकाले वैदेशिक रोजगारको विषयमा विस्तृत तथ्याङ्क सङ्कलन गरी यस क्षेत्रको समग्र अवस्था, अवसर, चुनौति तथा सम्भावनाहरूको पहिचान गर्ने उद्देश्यले **"वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र-२०८०"** तयार गरेको छ। यस पार्श्वचित्रले तुलसीपुर उपमहानगरपालिका भित्रको वैदेशिक रोजगारको प्रवृत्ति, प्राप्त विप्रेषण त्यसको उपयोगको अवस्था, सीप तथा दक्षता र विद्यमान समस्या लगायतका जानकारी तथा तथ्यहरूको समग्र परिदृष्य प्रतिबिम्बित गर्दछ।

सङ्कलित तथ्याङ्क तथा जानकारीहरूले वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थापनको लागि आवश्यक नीति तथा योजना निर्माण, कार्यान्वयन एवम् अनुगमनमा तथ्यगत आधार प्रदान गर्नेछ। उक्त तथ्यगत विवरणको आधारमा यस तुलसीपुर उपमहानगरपालिकाले आफ्नो वार्षिक, आवधिक तथा रणनीतिक योजनाहरूमा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गर्नमा मद्दत पुग्नेछ।

## २.१ पृष्ठभूमि

नेपालमा प्रत्येक वर्ष ५ लाखभन्दा बढी युवाशक्ति श्रम बजारमा प्रवेश गर्ने गरेको देखिन्छ। तर देशभित्र पर्याप्त एवम् छनौटको रोजगारीका अवसरहरू सिर्जना हुन नसकेका कारण लाखौंका सङ्ख्यामा युवाहरू

वैदेशिक रोजगारमा जाने गरेका छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार कोभिड महामारी अगाडि दैनिक सरदर १२०० युवाहरू कामको खोजीमा विदेश जाने गरेको देखिन्छ । कोभिड महामारीकै बिचमा पनि दैनिक करिब ५ सयको सङ्ख्यामा युवाहरू विदेशिएका छन् भने कोभिड महामारी पछि दैनिक करिब २५०० को सङ्ख्यामा युवाहरू वैदेशिक रोजगारीमा गइरहेका छन् । यसरी विदेशिने अधिकांश युवाहरूको मुख्य गन्तव्य खाडी मुलुक र मलेसिया रहेको छ भने युरोप लगायतका देशहरूमा जाने क्रम पनि विस्तारै बढ्दै गएको देखिन्छ । विभागको तथ्याङ्कअनुसार हालसम्म ६५ लाखभन्दा बढी युवाहरू वैदेशिक रोजगारमा गइसकेका छन् । जुन औपचारिक रूपमा श्रम स्वीकृति लिएर जाने व्यक्तिको सङ्ख्या हो । बाँकी करिब २० लाखभन्दा बढी युवाहरू भारतलगायत तेस्रो मुलुकमा श्रम स्वीकृति नलिई रोजगारीको लागि गएको अनुमान छ । लाखौंका सङ्ख्यामा युवाहरू विभिन्न मुलुकमा कार्यरत रहेकाले केही वर्षदेखि नेपाल उच्च विप्रेषण भित्र् याउने मुलुकको सूचीमा रहदै आएको छ । आ.व. २०७८/७९ मा १० खर्ब ७ अर्ब रूपैयाँ विप्रेषण प्राप्त भएको छ । जसले कुल ग्राहस्थ उत्पादनको अनुपातमा करिब २०.७५ प्रतिशत हिस्सा ओगट्नुका साथै देशको अर्थतन्त्रलाई चलायमान बनाएको छ । विप्रेषणले गरिबी न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्नुका साथै निम्न आयस्तर भएका समुदायहरूको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँच उल्लेख्य मात्रामा वृद्धि भएको छ । वैदेशिक रोजगारको सबल पक्ष भनेको नै विप्रेषण, सीप तथा ज्ञान आर्जन हो । तर वैदेशिक रोजगारमा जाने कामदारसँग आवश्यक सूचना र सीपको अभावका कारण यो क्षेत्र अपेक्षा गरे अनुरूप सुरक्षित र प्रतिफलयुक्त बन्न सकेको अवस्था छैन । समग्रमा करिव ४४.९२५ अदक्ष, ४६.३२५ दक्ष (दोस्रो पटक विदेश गएका), ८.६५ अर्धदक्ष, ०.१२५ मात्र व्यावसयिक तथा उच्च दक्ष कामदार विदेश गएको अवस्था छ । (DoFE 2022 annual report)

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी पर्याप्त जानकारीको कमीका कारण वैदेशिक रोजगारमा जाने व्यक्तिले स्वदेशभित्र ठगी लगायतका विभिन्न समस्याहरू भोग्नु परिरहेको छ । यसको साथै गन्तव्य मुलुकको धर्म, संस्कृति, हावापानी तथा गर्नुपर्ने कामको सीपको कमीको कारण नेपाली श्रमिकहरूले कार्यस्थलमा दुर्घटनालगायतका विभिन्न कठिनाइहरूको सामना गर्नु परिरहेको अवस्था छ । फलस्वरुप अङ्गभङ्गका घटनाहरू बढ्नुका साथै दैनिक सरदर ३ देखि ५ जना कामदारको शव नेपाल भित्रिने गरेको छ । वैदेशिक रोजगारले सिर्जना गरेको सामाजिक लागत निकै उच्च छ भने अर्कोतर्फ युवा जनशक्ति बाहिरिंदा स्थानीय विकास प्रक्रियामा समेत नकारात्मक प्रभाव पर्न गएको छ । पुरूषहरू वैदेशिक रोजगारमा संलग्न रहेको कारण महिला घरमुलीको सङ्ख्या वृद्धिलाई सकारात्मक रूपमा लिन सकिने भए पनि परिवार व्यवस्थापन, सामाजिक उत्तरदायित्वलगायतका जिम्मेवारीले उनीहरूको कार्यबोझ बढिरहेको छ । जसको कारण बालबालिका र महिलाहरूमा मनोसामाजिक समस्याहरू वृद्धि भइरहेको अवस्था छ । त्यसैले सुरक्षित वैदेशिक रोजगारसम्बन्धी प्रभावकारी सूचना प्रवाहको लागि संयन्त्रको व्यवस्थापन र अन्तर्राष्ट्रिय श्रम बजारको माग अनुसार सीपयुक्त दक्ष जनशक्ति विकास गर्नेतर्फ जोड दिनु आवश्यक छ । अर्कोतिर वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण, दक्षता र सीपलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै परिवारिक/सामजिक पुनःएकीकरणका लागि संस्थागत रूपमा ठोस पहलहरू सुरूवात गर्नु पनि उत्तिकै जरूरी छ ।

वैदेशिक रोजगारमा जानु पर्ने बाध्यत्मक अवस्थालाई न्यूनीकरण गर्नेतर्फ तुलसीपुर उपमहानगरपालिकाको उच्च प्राथमिकता रहदै आएको छ । जसको लागि युवा श्रमशक्तिको मूल प्रवाहिकरणमार्फत विकास कार्यलाई तीव्रत्तर रुपमा अगाडि बढाउँदै स्थानीयस्तरमा स्वरोजगार तथा रोजगारका अवसरहरू सिर्जना गर्ने कार्यलाई उपमहानगरपालिकाले जोड दिंदै आएको छ । स्थानीयस्तरमा रोजगारी सिर्जनाका लागि केही प्रयासहरू भए तापनि युवाशक्तिको लागि गुणस्तरीय एवम् उनीहरूको चाहना अनुरूपको रोजगारीको अवसर उपलब्ध नभइरहेको सन्दर्भमा वैदेशिक रोजगार एउटा बलियो विकल्पको रूपमा देखिएको छ । साथै वैदेशिक रोजगार छनौटको विषय भएकोले यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउदै यसबाट प्राप्त लाभको वृद्धि गरी लागत न्यूनीकरणमा केन्द्रित हुनु आश्यक देखिन्छ ।

## २.२ पार्श्वचित्र निर्माणको उद्देश्य

**तुलसीपुर उपमहानगरपालिका**भित्रको वैदेशिक रोजगारीको समग्र अवस्था, प्रवृत्ति, अवसर तथा सवालहरूको उजागर तथा दस्तावेजीकरण गर्नु पार्श्वचित्र निर्माणको प्रमुख उद्देश्य रहेको छ । उक्त पार्श्वचित्रमा वैदेशिक रोजगारको विद्यमान अवस्था, विदेशिएका तथा फर्केका युवाहरूको सङ्ख्या, विप्रेषण प्राप्ति तथा खर्चको प्रवृत्ति, कामदारले भोग्नुपरेका समस्या तथा कठिनाइहरू, पारिवारिक/सामाजिक पुनःएकीकरणका सवालहरू एवं विदेशबाट फर्केर आएका व्यक्तिहरूको अवस्था, अध्ययनका लागि विदेश गएकाहरूको अवस्थालगायतको विषय समेटिएका छन् । जसको आधारमा सुरक्षित वैदेशिक रोजगारसम्बन्धी नीति तथा योजना निर्माण, कार्यान्वयन एवम् अनुगमन भई वैदेशिक रोजगारीको क्षेत्रमा सुशासन प्रवर्द्धनमा मद्दत पुग्नेछ । पार्श्वचित्र निर्माणका निर्दिष्ट उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

- **उपमहानगरपालिका**भित्रको घरधुरीबाट वैदेशिक रोजगारमा गएका, फर्किएका, अध्ययनका लागि विदेश गएका र मृत्यु तथा अङ्गभङ्ग भएको युवाहरूको लगत तयार गर्ने ।
- वैदेशिक रोजगारीमा संलग्न युवाहरूको सूचना, सीप, तालिम तथा न्यायमा पहुँच सम्बन्धी विवरण सङ्कलन गरी सुरक्षित आप्रवासन सम्बन्धी प्रक्रिया अवलम्बनको अवस्था विश्लेषण गर्ने ।
- वैदेशिक रोजगारबाट प्राप्त भइरहेको विप्रेषणको सम्भावित दिगो व्यवस्थापन तथा आयमूलक क्षेत्रमा परिचालनका लागि विप्रेषण प्राप्ति तथा खर्चको प्रवृत्ति सम्वन्धी विवरण सङ्कलन गर्ने ।
- वैदेशिक रोजगारको क्रममा युवाहरूले भोग्नुपरेको समस्या तथा कठिनाइहरूको उजागर गर्ने ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूको अवस्था तथा उनीहरूको पहलहरूको विवरण सङ्कलन गर्ने ।
- पारिवारिक/सामाजिक पुनःएकीकरणसँग सम्बन्धित सवाललाई सम्बोधन गर्न सोसँग सम्बन्धित विवरण सङ्कलन गर्ने ।

## २.३ पार्श्वचित्र तयारीका चरणहरु :

### २.३.१ पार्श्वचित्र तयारी सम्बन्धी कार्यशाला

तुलसीपुर उपमहानगरपालिकाले पार्श्वचित्र तयारी सम्बन्धी एक दिने कार्याशाला गोष्ठी सम्पन्न गरेको थियो । उक्त कार्यशाला उपमहानगरपालिकाका पदाधिकारीहरू, वडाअध्यक्ष तथा विषयगत शाखा सम्बद्ध कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको थियो । कार्यशाला गोष्ठीमा पार्श्वचित्र तयारीका प्रक्रियागत चरण, तथ्याङ्क सङ्कलन विधि, गणक छनौट तथा परिचालन सम्बन्धी गहण रूपमा छलफल भएको थियो । साथै तथ्याङ्क सङ्कलनको लागि आवश्यक नमूना प्रश्नावलीलाई स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा सम्पादन गरी अन्तिम रूप दिने कार्य पनि सम्पन्न भएको थियो । उक्त कार्यशाला मार्फत पार्श्वचित्रको ढाँचा, सर्वेक्षण औजार *(KoBo Toolbox)*, विधि तथा कार्ययोजना तय गरी पार्श्व चित्र तयारी कार्य आरम्भ गरिएको थियो ।

### २.३.२ गणकको छनौट, अभिमुखीकरण तथा परिचालन

तथ्याङ्क सङ्कलन कार्यको लागि उपमहानगरपालिकाद्वारा प्रत्येक वडामा गणक सिफारिसको लागि पत्र पठाई वडाबाट सिफारिस भएर आएकाहरूलाई गणकको रूपमा नियुक्त गरेको थियो । उनीहरूलाई तथ्याङ्क सङ्कलनका लागि कार्य क्षेत्रमा परिचालन गर्नु पूर्व पार्श्वचित्र तयारीका लागि तथ्याङ्क सङ्कलन सम्बन्धी २ दिने तालिमको आयोजना गरिएको थियो । उपमहानगरपालिकाको सूचना तथा तथ्याङ्क अधिकृतको संयोजनमा भएको उक्त तालिममा वैदेशिक रोजगारको विषयमा अवधारणागत स्पष्टता, प्रश्नावलीहरूको गहणता, तथ्याङ्क सङ्कलन विधि तथा प्रक्रियाको बारेमा जानकारी गराइएको थियो । तालिमको दौरानमा गणकहरूलाई सफ्टवेयर *(Kobo Toolbox)* मार्फत नमूना तथ्याङ्क सङ्कलन गर्न लगाई सङ्कलित तथ्याङ्कको विश्लेषण गरी पृष्ठपोषण

पनि प्रदान गरिएको थियो । उक्त सैद्धान्तिक तथा व्यावहारिक तालिम पश्चात् गणकहरूलाई तथ्याङ्क सङ्कलनको लागि सम्बन्धित वडामा परिचालन गरिएको थियो ।

### २.३.३ तथ्याङ्क सङ्कलन

तुलसीपुर उपमहानगरपालिकाको १९ वटै वडालाई समेटेर तथ्याङ्क सङ्कलनको कार्य सम्पन्न गरिएको छ । जसको लागि उपमहानगरपालिकाद्वारा नियुक्त गणकहरूले वैदेशिक रोजगारमा गएका र फर्केका सबै व्यक्तिको घरधुरीहरूमा प्रत्यक्ष रूपमा उपस्थित भएर अन्तरवार्ता विधिमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । उपमहानगरपालिकाद्वारा स्वीकृत प्रश्नावली अनुसार सम्बन्धित घरधुरीको आधिकारिक सदस्यसँग अन्तर्वार्ता गरिएको छ । तर सामाजिक लागतसँग सम्बन्धित सूचनाहरू लिन मुख्य सूचनादाताहरू *(Key informants)* सँग पनि अन्तर्वार्ता गरिएको छ । तथ्याङ्क सङ्कलन कार्यलाई सहज बनाउनका लागि सफ्टवेयर *(KoBoToolbox)* को प्रयोग गर्नुका साथै स्थानीय व्यक्तिहरूलाई गणकको रूपमा परिचालन गरिएकोले गुणस्तरीय तथ्याङ्क सङ्कलनमा सजिलो भएको पाइएको छ । तथ्याङ्क सङ्कलन कार्यको लागि गणकहरूलाई १.५ महिनाको अवधिको लागि परिचालन गरिएको थियो । गणकहरूको कार्यसम्पादनको प्रभावकारिता, सङ्कलित तथ्याङ्कहरूको गुणस्तरीयता तथा आधिकारिकता वृद्धिका लागि उपमहानगरपालिकाको तथ्याङ्क अधिकृतको संयोजकत्वमा तथ्याङ्क सङ्कलन कार्यको समग्र संयोजन तथा अनुगमन कार्य सम्पन्न गरिएको थियो । साथै सम्बन्धित वडाध्यक्ष तथा वडा समितिको तर्फबाट पनि वडास्तरमा भएको तथ्याङ्क सङ्कलन कार्यको अनुगमन तथा सहजीकरण गरिएको थियो । यस बाहेक कतिपय तथ्याङ्कहरू द्वितीय स्रोतमार्फत सङ्कलन गरिएको छ । जसमा केन्द्रीय तथ्याङ्क विभागको जनगणना–२०७८, वैदेशिक रोजगार विभाग एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रतिवेदनका सूचनाहरू समेत सङ्कलन तथा प्रयोग गरिएको छ ।

### २.३.४ तथ्याङ्क प्रशोधन र विश्लेषण

सङ्कलित तथ्याङ्कहरूलाई माइक्रोसफ्ट एक्सेलमा *Pivot Table* मार्फत प्रशोधन गरिएको छ । उक्त प्रशोधित तथ्याङ्कलाई वर्णनात्मक विधिमार्फत विश्लेषण गरी प्रस्तुत गरिएको छ । प्राप्त तथ्याङ्क तथा निचोडहरूलाई मुख्य रूपमा टेबल र चित्रहरूमार्फत प्रस्तुत गर्नुका साथै विस्तृत जानकारीको लागि अनुसूचीहरू समावेश गरिएको छ ।

### २.३.५ पार्श्वचित्रको मस्यौदा तयारी तथा सुझाव सङ्कलन

सङ्कलित तथ्याङ्कको विश्लेषण पश्चात् प्राप्त सूचना तथा विवरणहरू छलफलका लागि नगर कार्यपालिकाका पदाधिकारीबीच प्रस्तुत गरिएको थियो । उक्त प्रारम्भिक सूचना तथा विवरणहरूमा प्राप्त सुझाब समेतको आधारमा पार्श्वचित्रको "प्रारम्भिक मस्यौदा" तयार गरिएको थियो । उक्त प्रारम्भिक मस्यौदामा उपमहानगरपालिकाका सम्बन्धित पदाधिकारी तथा सरोकारवालाहरूको प्राप्त सुझावको आधारमा अन्तिम मस्यौदा तयार गरिएको थियो ।

### २.३.६ पार्श्वचित्रको अन्तिम प्रतिवेदन तयारी

पार्श्वचित्रको प्रारम्भिक मस्यौदामा प्राप्त सुझाव तथा पृष्ठपोषण समेतका आधारमा तयार गरिएको अन्तिम मस्यौदालाई नगर कार्यपालिकाको वैठकमा छलफल पश्चात् आवश्यक परिमार्जनसहित अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## २.४ तथ्याङ्क सङ्कलनको सीमा

तथ्याङ्क सङ्कलन कार्य तुलसीपुर उपमहानगरपालिकाको स्थानीय आवश्यकता र प्राथमिकतामा केन्द्रित

भई सम्पन्न गरिएको छ । स्थानीय आवश्यकताको आधारमा प्रश्नावली निर्माण गरी सूचना सङ्कलन गरिएकोले समग्रमा यो तथ्याङ्क/पार्श्वचित्रले तुलसीपुर उपमहानगरपालिकाभित्रको वैदेशिक रोजगारको अवस्थालाई प्रतिबिम्बित गर्दछ । तथ्याङ्क सङ्कलन तथा विश्लेषणको कार्य वैदेशिक रोजगारबाट फर्केका व्यक्ति, मुख्य सूचनादाता र विदेशमा रहेका व्यक्तिको परिवारका सदस्यहरूले प्रदान गरेको जानकारीको आधारमा सम्पन्न गरिएको छ । विदेशमा रहेका व्यक्तिको अवस्थाको बारेमा जानकारी लिन तिनको परिवारका सदस्यहरूसँग निर्भर हुनुपर्ने र कतिपय सदस्यहरू (खासगरी जेष्ठ नागरिक मात्र घरमा भएको परिवारमा)लाई विदेशमा रहेको आफ्नो सदस्यको बारेमा कम जानकारी हुने गरेको पाइएको छ । तथ्याङ्क सङ्कलनको क्रममा यस्तो अवस्थाको परिवारको सङ्ख्या न्यून पाइएको भए पनि उनीहरूले दिएको सूचनामा नै निर्भर हुनुपर्ने अवस्था छ । यसको साथै सामाजिक लागतका घटनाहरू सावधानीपूर्वक सङ्कलन गर्ने कुरामा विशेष जोड दिइएको भए पनि यस्ता घटनाहरू भावनात्मक, संवेदनशील र व्यक्तिगत गोपनीयतासँग सम्बन्धित भएकाले सम्पूर्ण घटनाहरू प्राप्त नभएको हुन सक्छ ।

## २.५ तथ्याङ्कको प्रयोगमा संवेदनशीलता

पार्श्वचित्रमा वैदेशिक रोजगारमा रहेका र फर्केका व्यक्तिका परिवारहरूको व्यक्तिगत/परिवारिक विवरण, उनीहरूको आम्दानी तथा खर्चको अवस्था, वैदेशिक रोजगारीका क्रममा भोग्नुपरेका ठगी तथा बेपत्ता लगायतका समस्याका घटनाहरू सङ्ग्रहित भएका छन् । जुन विवरण सम्बन्धित व्यक्ति तथा परिवारको नितान्त व्यक्तिगत सूचनाहरू हुन् । यसका साथै वैदेशिक रोजगारीका कारण परिवारमा भएका वेमेल, घरेलु हिंसा, लान्छाना, आरोपलगायतका घटनाहरू पनि सङ्कलन गरिएका छन् । जुन अत्यन्तै संवेदनशील सूचनाहरू हुन् । त्यस्ता सूचनाहरूको संवेदनशीलता, गोपनीयता र त्यसको सार्वजानिकीकरणमा सम्बन्धित पक्षको ध्यान पुग्नु अत्यावश्यक ठानिएको छ । उक्त सूचनाहरू त्यस्ता घटनाहरूमा आवश्यक सहयोग गर्न, न्यूनीकरण र रोकथामका लागि योजना निर्माण तथा कार्यान्वयनको लागि मात्र उपयोग हुनेछन् ।

# खण्ड-तीन
# वैदेशिक रोजगारीमा रहेका व्यक्तिसँग सम्बन्धित विवरण

## ३. वैदेशिक रोजगारमा रहेका व्यक्तिहरुको जनसाङ्ख्यिक विवरण

तुलसीपुर उपमहानगरपालिकाभित्रको **कुल** ४६,०१८ घरधुरी मध्ये २६.६५ प्रतिशत (१२,२६६) घरधुरीहरूका युवाहरू विदेशमा रहेको तथ्याङ्क प्राप्त भएको छ । वैदेशिक रोजगारीमा गएकामध्ये २,९५७ घरधुरीका ३०५९ जना युवाहरू स्वदेश फर्किसकेका छन् भने ८,०६३ घरधुरीका ८८५० जना युवाहरू वैदेशिक रोजगारीमा नै कार्यरत छन् ।

यस पार्श्वचित्रमा वैदेशिक रोजगारमा रहेका, अध्ययनमा रहेका र फर्केर आएका व्यक्तिहरूसँग सम्बन्धित समग्र विवरणलाई तीन खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ । तेस्रो खण्डमा वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूसँग सम्बन्धित विवरण, चौथो खण्डमा विदेशमा अध्ययनको लागि रहेका र पाँचौ खण्डमा वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिसँग सम्बन्धित विवरणहरू प्रस्तुत गरिएको छ । यो खण्डमा वैदेशिक रोजगारमा कार्यरत व्यक्तिसँग सम्बन्धित विवरणहरूलाई उल्लेख गरिएको छ ।

**चित्र-१: वैदेशिक रोजगारमा रहेका व्यक्तिको वडागत हिस्सा (%)**




समग्र तथ्याङ्कलाई नियाल्दा यस उपमहानगरपालिकाबाट ८,०६३ घरधुरीका ८८५० जना युवाहरू वैदेशिक रोजगारमा कार्यरत छन् । वैदेशिक रोजगारीमा रहेका समग्र सङ्ख्यालाई तुलना गर्दा वडा नं. ९ बाट सबैभन्दा बढी ९१७ घरधुरीका युवाहरू वैदेशिक रोजगारीमा कार्यरत छन् । उक्त सङ्ख्या विदेशमा कार्यरत कुल सङ्ख्याको ११ प्रतिशत हिस्सा हो । त्यसैगरी वडा नं. ६ बाट ८ प्रतिशत, वडा नं. ३,४ र १५ बाट क्रमशः ७ प्रतिशत, वडा नं. १६ र १८ बाट ६ प्रतिशत, वडा नं. ७, ८, १०, १२, १३ र १७ बाट ५ प्रतिशत घरधुरीका युवाहरू वैदेशिक रोजगारीमा रहेका छन् । भने बाँकी वडा नं. १ र ५ वाट ४ प्रतिशत, साथै वडा नं. ११ र १४ बाट ३ प्रतिशत युवाहरू वैदेशिक रोजगारीमा रहेका छन् । त्यसैगरी वडा नं. २ र १९ बाट सबैभन्दा कम २ प्रतिशत घरधुरीका युवाहरू वैदेशिक रोजगारीमा रहेका छन् । वडागत रूपमा वैदेशिक रोजगारीमा रहेको जनसङ्ख्याको विस्तृत विवरण चित्र नं. १ र २ मा प्रस्तुत गरिएको छ ।

## ३.१. वैदेशिक रोजगारमा रहेका व्यक्तिको जातिगत, लैङ्गिक तथा उमेरगत विवरण

चित्र-२: वडागत घरधुरी संख्या र वैदेशिक रोजगारमा रहेका संख्या




यस उपमहानगरपालिकाभित्र ब्राह्मण-क्षेत्रीहरूको बसोबासको बाहुल्य रहेको छ र अधिकांश युवाहरू ब्राह्मण-क्षेत्री समुदायबाट वैदेशिक रोजगारमा गएका छन् । वैदेशिक रोजगारमा संलग्न ८,८५० जनामध्ये ५१ प्रतिशत ब्राह्मण-क्षेत्री, ३२ प्रतिशत जनजाति, १६ प्रतिशत दलित, १ प्रतिशत मुस्लिम र अन्य समुदायको रहेका छन् ।

चित्र-३: वैदेशिक रोजगारमा रहेका व्यक्तिको जातिगत




वैदेशिक रोजगारमा रहेको कुल सङ्ख्यामध्ये महिला १२ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारमा रहेका महिलाहरूको सङ्ख्यालाई तुलना गर्दा अधिकांश महिला जनजाति समुदायका रहेका छन् । उमेरगत रूपमा तुलना गर्दा १८ देखि २० वर्ष उमेर समूहका १ प्रतिशत, २१ देखि ३० वर्ष उमेर समूहका ४५ प्रतिशत, ३१ देखि ४० वर्ष उमेर समूहका ४३ प्रतिशत, ४१ देखि ५० वर्ष उमेर समूहका १० प्रतिशत र ५० वर्षभन्दा माथिका १ प्रतिशतभन्दा कम व्यक्तिहरू वैदेशिक रोजगारमा रहेको पाइएको छ । उक्त तथ्याङ्कलाई नियाल्दा अधिकांश उर्वर उमेर समूहका युवाहकरू वैदेशिक रोजगारमा रहेको पाइएको छ । जसले गर्दा उपमहानगरपालिकाभित्रका वस्तीहरू युवाविहीन बन्दै गएको अवस्था छ । जसको कारण स्थानीय विकासका योजना तर्जुमा तथा त्यसको कार्यान्वयन प्रक्रियामा युवा जनशक्तिको अभाव हुँदै गइरहेको अवस्था छ । परिणामस्वरूप युवाविहीनताको अवस्थाले समग्र सामाजिक संरचना तथा विकास प्रक्रियामा नै प्रत्यक्ष असर परेको देखिन्छ ।




चित्र-४ : वैदेशिक रोजगारमा रहेका व्यक्तिको लैंगिक विवरण




चित्र-५ : वैदेशिक रोजगारमा रहेका व्यक्तिको उमेरगत विवरण

## ३.२. वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको वैवाहिक अवस्था :

तुलसीपुर उपमहानगरपालिकाबाट वैदेशिक रोजगारीमा गएको कुल ८,८५० जना युवाहरूको वैवाहिक अवस्थालाई विश्लेषण गर्दा ८२ प्रतिशत विवाहित छन् । त्यसैगरी अविवाहित १४ प्रतिशत रहेका छन् भने २ प्रतिशत एकल र सम्बन्ध विच्छेद भएर वैदेशिक रोजगारीमा गएको देखिन्छ । वैदेशिक रोजगारीमा रहेको श्रीमान्को श्रीमतीहरूले विप्रेषणको दुरुपयोग गरेको, परपुरूषसँग सम्बन्ध बनाएको र दोस्रो विवाह गरेको जस्ता आरोप र लाञ्छनाहरू लाग्ने गरेको पाइन्छ । साथै वैदेशिक रोजगारीले गर्दा सामाजिक लागत बढाएको जस्ता अतिरञ्जित समाचारहरू सामाजिक सञ्जालहरूमा प्रशस्तै पाइन्छ । यद्यपि यस उपमहानगरपालिकाको तथ्याङ्कलाई विश्लेषण गर्दा १३७ जनाले दोस्रो विवाह गरेकोमा ९३ जना पुरूष र ४४ जना (३२ प्रतिशत मात्र महिला) महिला रहेका छन् । प्राप्त तथ्याङ्कले महिलाहरू माथि लगाएको आरोप तथा लाञ्छना गलत सावित गरेको छ ।




चित्र-६ : वैदेशिक रोजगारमा रहेका व्यक्तिको वैवाहिक अवस्था




चित्र-७ : वैदेशिक रोजगारमा रहेका व्यक्तिको दोस्रो विवाहको अवस्था

## ३.२. वैदेशिक रोजगारीका लागि मुख्य गन्तव्य मुलुक, गएको पटक र पेशा सम्बन्धी विवरण:

तुलसीपुर उपमहानगरपालिकाबाट वैदेशिक रोजगारमा रहेका व्यक्तिहरूको मुख्य गन्तव्य मलेसिया र खाडी मुलुक रहेको पाइएको छ । सबैभन्दा बढी मलेसियामा कार्यरत युवाहरू २९ प्रतिशत रहेका छन् । त्यसपछि क्रमशः साउदी अरबमा २२ प्रतिशत, यू.ए.ई./दुबईमा १५ प्रतिशत, कतारमा १२ प्रतिशत, कुबेतमा ७ प्रतिशत, अमेरिकामा ५ प्रतिशत, २ प्रतिशत बहराइन, ओमान, २ प्रतिशत युवाहरू युरोपलगायतका देशहरूमा, १ प्रतिशत युवाहरू दक्षिण कोरिया र ५ प्रतिशत युवाहरू चीन, जापान, अफ्रिकालगायत देशहरूलाई यस उपमहानगरपालिकाका युवाहरूले गन्तव्य मुलुकको रूपमा छनौट गरेका छन् । पछिल्लो समयमा युरोप, अमेरिका, अष्ट्रेलियालगायतका देशहरूमा जाने क्रम पनि विस्तारै बढ्दै गएको तथ्याङ्क प्राप्त भएको छ । बाँकी युवाहरूको गन्तव्य मुलुकसम्बन्धी

विवरण चित्र नं. ८ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

चित्र-८: वैदेशिक रोजगारमा रहेका व्यक्तिको मुख्य गन्तव्यमुलुक




वैदेशिक रोजगारीमा गएका समग्र सङ्ख्यालाई विश्लेषण गर्दा करिब १३ प्रतिशत युवाहरूले मात्र सीप तालिम सिकेर विदेश गएका छन् । बाँकी ८७ प्रतिशत युवाहरू कुनै पनि सीप, तालिम नसिकी विदेश गएको पाइएको छ भने विदेशमा कार्यरत ८,८५० युवाहरूमध्ये ७३ प्रतिशतले विदेश पुगेपछि केही न केही सीप हासिल गरेर सोही अनुसार काम गरिरहेको जानकारी प्राप्त भएको छ । यो सङ्ख्यालाई विश्लेषण गर्दा विदेशमा रहेका व्यक्तिहरूको ठुलो सङ्ख्या अदक्ष कामदारको रूपमा काम गरिरहेको अवस्था छ । फलस्वरूप उनीहरूले गन्तव्य मुलुकमा सोचे अनुरूपको आर्थिक लाभ प्राप्त गर्न सकिरहेको अवस्था छैन, साथै कार्यस्थलमा दुर्घटनालगायतका विभिन्न खालका जोखिम तथा कठिनाइहरूको सामना गर्नु परिरहेको विवरण (तथ्याङ्क) सङ्कलनको क्रममा प्राप्त भएको छ । उक्त तथ्याङ्कले भविष्यमा वैदेशिक रोजगारमा जाने युवाहरूलाई लक्षित गरी गुणस्तरीय सीप विकासका तालिमहरू व्यवस्थापन तथा सञ्चालनमा जोड दिनुपर्ने देखिन्छ । सीप तालिमसम्बन्धी विस्तृत विवरण चित्र नं. ९ र १० मा हेर्न सकिन्छ ।

## ३.३. सुरक्षित वैदेशिक रोजगारको प्रक्रिया अवलम्बनको अवस्था :

वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र प्रतिफलयुक्त बनाउनका लागि वैदेशिक रोजगारमा जाने व्यक्ति स्वयम् नै सुरक्षित आप्रवासन प्रक्रियाको बारेमा जानकारयुक्त हुनुका साथै गन्तव्य मुलुकमा गर्नु पर्ने कामको विषयमा सीपयुक्त हुनु उत्तिकै जरूरी छ । उक्त प्रक्रियागत सूचना तथा जानकारी र सीपले वैदेशिक रोजगारीबाट प्राप्त हुने लाभको वृद्धि गर्न र पूर्व प्रस्थानलागत न्यूनीकरणमा महत्वपूर्ण सहयोग पुग्न सक्छ । तर यस उपमहानगरपालिकाबाट

चित्र-९: सीप तालिम सिकेर वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण



चित्र-१०: वैदेशिक रोजगारमा रहेका व्यक्तिले गरिरहेको पेशा



सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना लिएर र सीप सिकेर वैदेशिक रोजगारमा जाने युवाहरूको सङ्ख्या

अत्यन्त न्यून रहेको पाइएको छ । विदेशमा कार्यरत कुल ८,८५० जना युवाहरूमध्ये २९ प्रतिशत (२,५७६ जना)ले मात्र सुरक्षित वैदेशिक रोजगारसम्बन्धी आवश्यक सूचना तथा जानकारी लिएर वैदेशिक रोजगारीमा गएको पाइएको छ । यसको साथै पर्याप्त सूचना तथा जानकारीको अभावमा युवाहरूले वैदेशिक रोजगारमा जाने क्रममा ठगी लगायतका विभिन्न समस्याहरू भोग्नुपरेको घटनाहरू पनि तथ्याङ्क सङ्कलनको क्रममा भेटिएको छ । प्राप्त जानकारी तथा तथ्याङ्कलाई नियाल्दा यस उपमहानगरपालिकाबाट वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरूलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी पूर्व प्रस्थान र आवश्यक सूचना प्रवाह र सीप विकास सम्बन्धीका आवश्यक तालिमहरूको व्यवस्थापन तथा सञ्चालन गर्नु पर्ने देखिन्छ ।

चित्र-११: सूचना लिएर वैदेशिक रोजगारमा गएका व्यक्तिको विवरण




चित्र-१२: घरपरिवारमा अत्यावश्यक कागजपत्र छाडेर जानेको संख्या




चित्र-१३: वैदिशिक रोजगारमा जानको लागि विमानस्थलको प्रयोग




वैदेशिक रोजगारको क्रममा ठगी लगायतको समस्याहरूमा पर्दा न्याय प्राप्त गर्नको लागि आवश्यक प्रक्रिया कहाँबाट कसरी हुन्छ भन्ने विषयमा पनि जानकारी न्यून रहेको पाइएको छ । जसले गर्दा वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका व्यक्तिहरूको न्याय प्राप्तिमा पर्याप्त पहुँच पुगिरहेको अवस्था छैन । उक्त अवस्थालाई सम्बोधन गर्न वैदेशिक रोजगारीको क्रममा समस्या भएमा न्याय तथा सहयोग प्राप्त गर्नको लागि आवश्यक पर्ने कागजपत्रको सुरक्षा सम्बन्धी सचेतना वृद्धिका अभियानहरू सञ्चालन गर्नुपर्ने देखिएको छ । वैदेशिक रोजगारीमा रहेको कुल ८,८५० जनालाई विश्लेषण गर्दा करिब ५३ प्रतिशतले मात्र अत्यावश्यक कागजत्र (राहदानी, सम्झौता पत्र, पैसा तिरेको भरपाई, मेडिकल, वीमा वा श्रम स्वीकृति लिँदाको User ID & password आदि)को प्रतिलिपी घरपरिवारमा छोडेका छन् । जुन कागजपत्रहरू समस्या परेमा सहयोग तथा न्याय प्राप्तिका लागि अनिवार्य आवश्यक हुन्छ ।

विदेशमा कार्यरत युवाहरूमध्ये ९६ प्रतिशतले नेपालको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा गएका छन् । करिब १ प्रतिशत युवाहरू भारतको बाटो भएर वैदेशिक रोजगारमा गएको ३ प्रतिशत युवाहरू वैदेशिक रोजगारमा जाँदा कुन विमानस्थल प्रयोग गर्नु भएको घरका सदस्यलाइ थाहा नभएको तथ्याङ्क प्राप्त भएको छ । भारतको बाटो भएर वैदेशिक रोजगारमा जाँदा अलेखबद्ध हुने र ठगीलगायतका समस्या तथा जोखिम पर्ने सम्भावना हुने हुनाले वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरूलाई लक्षित गरी यस विषयमा स्थानीयस्तरमा सचेतना विस्तार गर्नु पर्ने देखिन्छ ।

वैदेशिक रोजगारीमा गएकामध्ये करिब ५९ प्रतिशत युवाहरू मेनपावर कम्पनी (इजाजत प्राप्त संस्था) मार्फत वैदेशिक रोजगारीमा गएको तथ्याङ्क प्राप्त भएको छ । त्यसैगरी ३० प्रतिशत युवाहरू विचौलिया (स्थानीय एजेन्ट)हरूको सहारा लिनु पर्ने अवस्था हालसम्म पनि विद्यमान रहेको पाइएको छ । त्यसैगरी

६ प्रतिशत युवाहरू आफन्तमार्फत, १ प्रतिशत युवाहरू GtoG(Government to Government) प्रक्रियामार्फत कोरिया लगायतका मुलुकहरूमा गएका छन् भने ४ प्रतिशत वैदेशिक रोजगारीमा रहेका युवाहरूको परिवारका सदस्यलाई थाहा नभएको अवस्था रहेको छ । स्थानीय युवाहरूको मेनपावर कम्पनीसम्म प्रत्यक्ष पहुँच नहुनु साथै दुरदराजका वस्तीहरूमा अन्तर्राष्ट्रिय श्रम बजारको माग तथा आवश्यकताको बारेमा सूचनाहरू नपुग्ने हुनाले बिचौलिया (स्थानीय एजेन्ट) प्रति निर्भर हुनु पर्ने बाध्यात्मक अवस्था देखिन्छ । जसले गर्दा बिचौलिया (स्थानीय एजेन्ट)हरूको विभिन्न खालका चलखेलका कारण प्रक्रियागत ढिलाइ हुनुका साथै अधिकांश युवाहरूले सरकारले तोकेको लागतको सीमा भन्दा १० देखि १५ गुणासम्म बढी रकम तिर्नुपर्ने अवस्था देखिएको छ । वैदेशिक रोजगारमा जाने माध्यम सम्बन्धी थप विवरण चित्र नं. १४ मा विस्तृत रुपमा उल्लेख गरिएको छ । कोरिया लगायतका देशमा कार्यरत युवाहरूले तुलनात्मक रूपमा धेरै राम्रो लाभ लिन सकेको र प्रक्रियागत कठिनाइहरू पनि सामना गर्नु नपरेको सकारात्मक जानकारीहरू प्राप्त भएको छ ।

**चित्र-१४: वैदेशिक रोजगारमा जाने माध्यम सम्बन्धी विवरण**




सरकारले खाडि मुलुक तथा मलेसिया जानको लागि फ्रि भिषा फ्रि टिकटको व्यवस्था गरेको छ । वर्तमान अवस्थामा तुलसीपुर उपमहानगरपालिकाको ७,६५१ युवाहरू उक्त देशहरूमा कार्यरत छन् । जुन सङ्ख्या विदेशमा कार्यरत समग्र सङ्ख्या ८,८५० जना मध्येको ८६ प्रतिशत हिस्सा हो । उक्त सङ्ख्यामध्ये ४ प्रतिशत युवाहरू मात्र फ्रि भिषा, फ्रि टिकटको प्रावधान अनुसार विदेश गएको पाइएको छ । एघार हजारदेखि पचास हजारसम्म तिरेर वैदेशिक रोजगारीमा जाने १ प्रतिशत रहेका छन् । ५१ हजारदेखि एकलाखसम्म तिरेर वैदेशिक रोजगारीमा जाने ७ प्रतिशत, १ लाख देखि १ लाख ५० हजारसम्म तिरेर वैदेशिक रोजगारीमा जाने १७ प्रतिशत, १ लाख ५० देखि २ लाखसम्म तिरेर वैदेशिक रोजगारीमा जाने २६ प्रतिशत रहेका छन् । बाँकी ४५ प्रतिशतले दुई लाख वा सो भन्दा माथिसम्म बिचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावर कम्पनीलाई रकम बुझाएको अवस्था छ । उक्त तथ्याङ्कलाई नियाल्दा सरकारले फ्रि भिषा, फ्रि टिकटको व्यवस्था गरे पनि त्यसको कार्यान्वयनको अवस्था अत्यन्त फितलो रहेको पाइएको छ ।

**चित्र-१५:** वैदेशिक रोजगारमा जाँदा तिरेको लागत




सरकारले लागू गरेको व्यवस्था तथा सुरक्षित वैदेशिक रोजगारीको विषयमा स्थानीय युवाहरूमा जानकारीको कमी हुनु, गन्तव्य मुलुकमा गर्नु पर्ने काम सम्बन्धीको सीप नहुनु साथै वैदेशिक रोजगारको समग्र प्रक्रियामा बिचौलिया (स्थानीय एजेन्ट) प्रतिको निर्भरता बढ्नाले यस्तो अवस्था सिर्जना भइरहेको आँकलन गर्न

सकिन्छ । उक्त समस्यालाई न्युनीकरण गर्नको लागि वैदेशिक रोजगारमा जाने सम्भावित युवाहरूको सूचना तथा सीपमा पहुँच वृद्धि गर्दै विचौलिया (स्थानीय एजेन्ट) तथा मेनपावरको अनाधिकृत चलखेललाई नियमन गर्नु जरूरी छ । अतः यस क्षेत्रमा योजनाबद्ध रूपमा विभिन्न सचेतना, परामर्श तथा सीप, तालिमका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै सम्बन्धित निकायहरूको प्रभावकारी नियमन गर्नुपर्ने आवश्यक देखिन्छ ।

माथिको तथ्याङ्कलाई हेर्दा वैदेशिक रोजगारमा गएका युवाहरूले विचौलिया (स्थानीय एजेन्ट)/मेनपावर कम्पनीहरूलाई सरकारले तोकेको लागतको सीमा भन्दा धेरै गुणा बढी रकम तिर्नु परिरहेको अवस्था देखिएको छ । जसको लागि वैदेशिक रोजगारमा कार्यरत रहेका ८,८५० जना युवाहरूमध्ये ८० प्रतिशतले ऋण लिएको अवस्था छ । उक्त ऋण साथीभाई तथा साहुमहाजनबाट चर्को व्याजमा लिएको तथ्याङ्क प्राप्त भएको छ । ८ प्रतिशत युवाहरू १२ प्रतिशतभन्दा कम ब्याजमा ऋण लिएका छन् भने १३ प्रतिशत युवाहरू १३ देखि १८ प्रतिशत ब्याजदरमा ऋण लिएका छन् । त्यसैगरी १० प्रतिशत युवाहरू १९ देखि २४ प्रतिशत ब्याजदरमा ऋण लिएका छन् भने ४८ प्रतिशत युवाहरू २५ प्रतिशत ब्याजदर भन्दा माथि ऋण लिएर वैदेशिक रोजगारीमा गएको अवस्था छ । त्यसैगरी १ प्रतिशत युवाहरू आफन्तबाट रकम लिएर वैदेशिक रोजगारीमा गएकोले ब्याज तिर्नु परेको अवस्था छैन भने ऋण नलिई वैदेशिक रोजगारीमा जाने युवाहरू २० प्रतिशत रहेका छन् ।

चित्र-१६: वैदेशिक रोजगारमा जाँदा लिएको ऋणको व्याजदर




वैंक तथा वित्तीय संस्थाबाट जम्मा ६ प्रतिशत युवाहरूले मात्र ऋण लिएको अवस्था छ । उक्त विवरणले बैंक तथा वित्तिय संस्थामा युवाहरूको पहुँच कमजोर रहेको देखिन्छ ।

## ३.८. वैदेशिक रोजगारबाट विप्रेषणको प्राप्ति तथा उपयोगको अवस्था :

वैदेशिक रोजगारको सवल पक्ष भनेको नै ज्ञान, सीप, अनुभव र विप्रेषण आर्जन हो । प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी स्वरोजगार तथा रोजगार सिर्जना गर्न सकेमा चक्रीय रूपमा वैदेशिक रोजगारमा जानुपर्ने बाध्यत्मक अवस्थाको न्यूनीकरणमा मद्दत पुग्न सक्छ । यस उपमहानगरपालिकामा वार्षिक रूपमा २ अर्ब ८४ करोड २० लाखको हाराहारीमा विप्रेषण भित्रिने गरेको सङ्कलित तथ्याङ्कले देखाएको छ । उक्त तथ्याङ्क वैदेशिक रोजगारमा रहेका ८,८५० जना कामदारमध्ये ७,२४९ जना कामदारको परिवारले

चित्र-१७: वैदेशिक रोजगारीमा जाँदा ऋण लिएको विवरण



एक वर्षमा प्राप्त गरेको विप्रेषणको विवरणको आधारमा तयार गरिएको हो । वार्षिक रूपमा प्राप्त भएको समग्र विप्रेषणलाई ७,२४९ जनाको मासिक कमाइको रूपमा गणना गर्दा वैदेशिक रोजगारमा रहेको युवाहरूले प्रतिव्यक्ति प्रतिमहिना औषतमा ३२ हजार पाँच सयको हाराहारीमा परिवारलाई विप्रेषण पठाइरहेको अवस्था छ । वैदेशिक रोजगारमा रहेको ८,८५० मध्ये करिब १८ प्रतिशत (१,६०१ जना) युवाहरूले परिवारलाई विप्रेषण पठाएको अवस्था छैन । कतिपय युवाहरू भर्खरै मात्र गन्तव्य मुलुक पुगेको, केही युवाहरूले गन्तव्य मुलुकमा नै बचत गर्ने गरेको र कतिपय युवाहरू विभिन्न समस्यामा रहेकोले उनीहरूले विप्रेषण नपठाएको विवरण प्राप्त भएको छ । करिब ५० प्रतिशत परिवारले उक्त विप्रेषण मनी ट्रान्सफर कम्पनी (IME) बाट प्राप्त गर्ने गरेको तथ्याङ्क प्राप्त भएको छ । वडागत विप्रेषण प्राप्त गरेको विवरण चित्र नं. १७ मा प्रस्तुत गरिएको छ ।

माथि उल्लेखित एक वर्षमा प्राप्त भएको कुल २,८४,२०,७१,६९५ विप्रेषण मध्ये ८४ प्रतिशत खाडि मुलुक तथा मलेसियामा काम गरिरहेका व्यक्तिहरूले पठाएको पाइएको छ । यस मध्ये सबै भन्दा बढि साउदी अरवबाट



चित्र-१८: वडागत विप्रेषण प्राप्तिको विवरण

२५ प्रतिशत, मलेशियाबाट २३ प्रतिशत, यु.ए.ई.बाट १६ प्रतिशत, र कतारबाट १४ प्रतिशत, कुवेतबाट ६ प्रतिशत, अमेरिकाबाट ५ प्रतिशत र अन्य मुलुकबाट ११ प्रतिशत विप्रेषण प्राप्त भएको छ । थप विवरण चित्र नं. १९ मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।



चित्र-१९: विप्रेषण प्राप्तिको देशगत विवरण (%)

प्राप्त तथ्याङ्कलाई हेर्दा तुलसीपुर उपमहाउपमहानगरपालिका भित्र ठुलो आकारमा विप्रेषण भित्रिने गरेको पाइएको छ । उक्त विप्रेषणले आधारभूत आवश्यकता परिपूर्ति गर्नुको साथै निम्न वर्गीय परिवारको शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रमा पहुँच वृद्धि भएको अवस्था छ । समग्रमा हेर्दा विप्रेषणले स्थानीय जनजीवनलाई आर्थिक रूपमा महत्वपूर्ण योगदान पुर्‍याई रहेको छ । उपमहानगरपालिका भित्र ठुलो आकारमा विप्रेषण प्राप्त भईरहेको भए पनि त्यसको समुचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा परिचालनको लागि व्यक्तिगत तथा संस्थागतरूपमा योजनावद्ध प्रयासको कमी देखिएको छ । प्राप्त विप्रेषणको ठूलो हिस्सा करिब ३७ प्रतिशत ऋण तिर्नको लागि प्रयोग हुने गरेको देखिन्छ । त्यसै गरी १७ प्रतिशत घर बनाउनमा, ८ प्रतिशत घर खर्च तथा खानपानमा, ७ प्रतिशत शिक्षामा , ६ प्रतिशत स्वास्थ्य उपचार खर्चमा, जग्गा खरिदमा ६ प्रतिशत, जिन्सी सम्पत्ति जोड्नमा ३ प्रतिशत, र ऋण लगानीमा १ प्रतिशतको हाराहारीमा खर्च हुने गरेको पाइएको छ ।

समग्रमा १५ प्रतिशत विप्रेषण बचत गरेको देखिन्छ भने व्यवसाय शुरूवातमा १ प्रतिशत रहेको पाइएको छ । उक्त तथ्याङ्कलाई हेर्दा विप्रेषणको सानो हिस्सा मात्रै व्यवसाय शुरूवात तथा प्रवर्द्धनमा प्रयोग भईरहेको अवस्था छ । अतः विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि स्थानीय सरकारले स्थानीयस्तरको श्रोत, साधन, उत्पादन क्षेत्र तथा बजारको विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा तथ्यमा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

**चित्र-२०: प्राप्त विप्रेषणको उपयोगको अवस्था**




बचत गर्ने अधिकांश परिवारले बैंकमा बचत गरेका छन् । सीमित सङ्ख्याले लघुवित्त संस्था, सहकारी र स्थानीय समूहहरूमा पनि बचत गरेको पाइएको छ । थप विवरण चित्र नं. २० मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

व्यवसाय शुरूवातमा १ प्रतिशत मात्र रकम उपयोग भएको पाइएको छ । उक्त तथ्याङ्कलाई हेर्दा विप्रेषणको सानो हिस्सा मात्रै व्यवसाय शुरूवात तथा प्रवर्द्धनमा प्रयोग भइरहेको अवस्था छ । अतः विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि स्थानीय सरकारले स्थानीयस्तरको श्रोत, साधन, उत्पादन क्षेत्र तथा बजारको विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा आवश्यकतामा आधारित योजना निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिन्छ । विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै स्थानीयस्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गर्न सके चक्रीय रूपमा वैदेशिक रोजगारमा जानु पर्ने बाध्यत्मक अवस्थाको न्युनीकरण गर्नमा पनि मद्दत पुग्नसक्ने देखिन्छ ।

## ३.५ वैदेशिक रोजगारका क्रममा कामदारले सामना गर्नुपरेका समस्याहरु :

वैदेशिक रोजगारको क्रममा विभिन्न मुलुकमा कार्यरत युवाहरूले नेपालमा करार सम्झौता बमोजिमको काम तथा तलब बिदेशमा नपाएको लगायतको विभिन्न समस्याहरू भोगिरहेको पाइएको छ । त्यस्ता समस्याहरूमा पर्ने युवाहरूको कुल सङ्ख्या ४४३ जना रहेको छ । समस्यामा परेकामध्ये सबैभन्दा धेरै युवाहरुले नेपालमा करार सम्झौता बमोजिमको तलब सुविधा नपाएको घटना भेटिएका छन् । त्यसपछि करार सम्झौता अनुसारको काम र तलब दुवै नपाएको र सम्झौता बमोजिमको काम नपाएको घटना भेटिएका छन् । त्यस बाहेक आफू कार्यरत कम्पनी मालिकले स्वदेश फर्कन नदिएको, खाना तथा तलब सुविधा नपाएको समस्याहरू तथ्याङ्क सङ्कलनको क्रममा भेटिएका छन् । उक्त घटनाहरूको विस्तृत विवरण चित्र नं. २१ मा उल्लेख गरिएको छ ।

**चित्र-२१:** वैदेशिक रोजगारमा कार्यरत युवाहहरुले भोगिरहेका समस्याहरु



गन्तव्य मुलुकमा कार्यरत युवाहरूले यस्ता समस्याहरू भोगिरहेको भए पनि सहयोग गर्ने निकाय तथा प्रक्रियाको बारेमा जानकारीको कमी हुँदा अधिकांश युवाहरूले कुनै पनि कानुनी प्रक्रिया अगाडि नबढाएको अवस्था देखिएको छ । त्यसैगरी भविष्यमा त्यस्ता घटनाहरू कम गर्न उक्त विषयमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न जरूरी देखिन्छ । साथै प्राप्त ४४३ वटा समस्याहरूमा आवश्यक सहयोग गर्न सदरमुकामस्थित आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रशासन कार्यायल (प्रमुख जिल्ला अधिकारी), वैदेशिक रोजगार वोर्ड, वैदेशिक रोजगार विभाग तथा गन्तव्य मुलुकस्थित कुटनैतिक निकायहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्नु पनि उत्तिकै जरूरी देखिन्छ ।

## ३.६. वैदेशिक रोजगारमा संलग्न व्यक्तिका परिवारले सामना गर्नु परेका अप्ठ्याराहरु :

वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप तथा विप्रेषणले देशको समग्र आर्थिक विकासमा योगदान पुगिरहेको भए पनि वैदेशिक रोजगारमा संलग्न व्यक्तिहरूले ठगी लगायतका विभिन्न खालका समस्याहरू भोग्नु परिरहेको अवस्था विद्यमान छ । अर्कोतिर उनीहरूको अनुपस्थितिमा परिवारका सदस्यहरूमा पारिवारिक व्यवस्थापन, सामाजिक कार्य तथा पेशागत जिम्मेवारीका कारण कार्यबोझ बढिरहेको छ । बालबालिकाहरूलाई उचित हेरचाह एवम् जेष्ठ नागरिकहरूलाई अपेक्षाकृत रूपमा सेवा र सहयोग नभएको अनुमान गर्न सकिन्छ । कतिपय परिवारका जेष्ठ नागरिकहरू सहाराविहीन बन्दै गईरहेको अवस्था पनि पाइएको छ । समग्रमा भन्नु पर्दा वैदेशिक रोजगारीका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्याहरू पनि सिर्जना हुँदै गइरहेको छ । कतिपय समस्या देख्न सकिन्छ । कतिपय समस्याहरू विचार तथा भावनासँग जोडिएकोले महसुस तथा आंकलन मात्र गर्न सकिन्छ । परिवारका सदस्यहरूमा मानसिक चिन्ता, पारिवारिक बेमेल, घरेलु हिंसा, आत्महत्या, आरोप-लाञ्छना तथा दोस्रो विवाहको घटनाहरू जस्ता समस्याहरू उल्लेख्य सङ्ख्यामा देखिएका छन् । वैदेशिक रोजगारमा गएका घरधुरीको तथ्याङ्कलाई हेर्दा २१० जनाले वैदेशिक रोजगारीका क्रममा विभिन्न खालका समस्याहरू भोगिरहेका छन् । समस्या सम्बन्धी विस्तृत विवरण चित्र नं. २२ उल्लेख गरिएको छ ।

**चित्र नं.-२२:** वैदेशिक रोजगारमा हुँदा परिवारले सामना गर्नु परेका अप्ठ्याराहरु



| | अन्य कुनै घटना | आरोप लान्छाना सम्बन्धिका घटना | गम्भिर मानिसक चिन्ता /वेहोस हुने | परिवारमा लामो समय देखी सम्पर्कमा नभएको | पारिवारिक वेमेल (घरेलु हिंसा) | वालवच्चा एक्लो भएको | वृध्द वुवा-आमा मात्र घरमा भएको | श्रीमानले लामो समय देखी पैशा नपठाएको |
|---|---|---|---|---|---|---|---|---|
| जना | ४३ | २ | ३१ | ४९ | १ | १७ | २९ | ३८ |

उक्त जानकारी समुदायका मुख्य सूचनादाताहरू (समुदायका शिक्षक, स्वयंसेविका लगायत स्थानीय जानकारहरू)मार्फत प्राप्त भएको हो । यस्ता सूचनाहरू नितान्त व्यक्तिगत विषय भएकोले थाहा पाउन र सङ्कलन गर्न चुनौतीपूर्ण भएकोले यो सङ्ख्या नै पूर्ण नहुन सक्छ । तथापि यो सङ्ख्याले प्रतिनिधि घटनाहरूको उजागर गरेको छ । साथै यी घटनाहरूको व्यक्तिगत गोपनीयता र संवेदनशीलतालाई मध्यनजर गरी यहाँ कुल सङ्ख्या मात्र उल्लेख गरिएको छ ।

विकासका प्राथमिकताहरू भौतिक विकासको क्षेत्रमा केन्द्रित हुँदा यस्ता पारिवारिक तथा सामाजिक समस्याहरू ओझेलमा पर्दै गइरहेको छ । यस्ता समस्याहरूलाई समयमा नै सम्बोधन गर्नसके स्वस्थ्य समाज निर्माण भई विकास प्रक्रिया चुस्त रूपमा अघि बढ्न सक्थ्यो । उपमहानगरपालिकाले यस्ता समस्या तथा सवाललाई उचित रूपमा सम्बोधन गर्नका लागि आवश्यक योजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

## ३.७. वैदेशिक रोजगारमा संलग्न परिवारहरुको आन्तरिक बसाइसराइसम्बन्धी विवरण :

**चित्र नं.-२३:** वैदेशिक रोजगारमा संलग्न परिवारको बसाई सरेर जाने योजना




चित्र नं.-२४: वैदेशिक रोजगारमा संलग्न परिवारले घडेरी किनेको विवरण




वैदेशिक रोजगारले आन्तरिक बसाइसराइको क्रमलाई प्रोत्साहित गरेको तथ्य विभिन्न अध्ययनहरूले उजागर गर्दै आएको विषय हो । विप्रेषणको प्राप्तिसँगै आर्थिकस्तर बढेपछि गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सुविधा उपभोगको हिसाबले मानिसहरू दुर्गमबाट सुगम अर्थात् गाउँबाट शहरतिर बसाई सर्ने प्रक्रिया नियमित र स्वाभाविक जस्तै भएको छ । यस उपमहानगरपालिकाका २६७ परिवारहरूले उपमहानगरपालिकाको कार्यालय भएको क्षेत्र, सदरमुकाम, नजिकको सहर नेपालगञ्ज, काठमाडौंलगायतको क्षेत्रमा बसाइ सर्ने योजना बनाएको जानकारी प्राप्त भएको छ । यसको साथै उक्त क्षेत्रमा वैदेशिक रोजगारमा रहेका ४७३ जनाले घडेरीको रूपमा जग्गा किनेको तथ्याङ्क प्राप्त भएको छ । तालिका २३ र २४ मा विस्तृत रूपमा हेर्नुहोला ।

## ३.८. वैदेशिक रोजगारीका कारण मृत्यु अङ्गभङ्गसम्बन्धी विवरण

वैदेशिक रोजगारले अवसरका साथ साथै चुनौती पनि सिर्जना गरेको छ । आप्रवासन प्रक्रियाका विभिन्न चरणमा ठगिदै गन्तव्य मुलुकमा पुग्ने गरेको घटनाहरू सबैमा विदितै छ । गन्तव्य मुलुकको बारेमा आधारभूत जानकारीहरू (आधारभूत कानून, ट्राफिक नियम, भाषा आदि), सीपयुक्त जनशक्ति अभावका कारण कार्यस्थलमानै दैनिक रूपमा विभिन्नखाले घटना गन्तव्य मुलुकमा घट्ने गरेको छ । वैदेशिक रोजगारीमा गएकाहरूको लास ३ देखि ५ वटा काठको बाकसमा नेपाल आउने गरेको वैदेशिक रोजगार विभागको तथ्याङ्कले सार्वजनिक गरेको छ । वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या वृद्धिसँगै यो सङ्ख्या वृद्धि हुनसक्ने अनुमान गरिएको छ । जन्मपछि मृत्यु स्वभाविक हो तर वैदेशिक रोजगारीमा जाँदा स्वास्थ्य परीक्षण गराई वयष्क उमेरमा नै दैनिक रूपमा यस्तो घटना घट्नु पक्कै पनि सामान्य होइन । यस उपमहानगरपालिकामा हालसम्म ३० जनाले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाइसकेको र १४ जनाको अङ्गभङ्ग भएको तथ्याङ्क प्राप्त भएको छ । यसरी मृत्यु तथा अङ्गभङ्ग भएकाहरूमध्ये अधिकांशले वैदेशिक रोजगार बोर्ड तथा बीमा कम्पनीबाट पाउने आर्थिक सहायता पाउनबाट बञ्चित हुनुपरेको अवस्था तथ्याङ्कले देखाएको छ । अधिकांश श्रम अवधिभन्दा बढी बस्ने, अवैधानिक तरिकाले बस्ने, आवश्यक कागजात अभावले आर्थिक सहायता पाउनबाट बञ्चित हुनु परेको विवरण प्राप्त भएको छ ।

## ३.९. विविध

वैदेशिक रोजगारमा संलग्न घरधुरीका बालबालिकालाई अंग्रेजी माध्यमबाट गुणस्तरीय शिक्षा दिने योजनामा नेपालगञ्ज, बुटवल, भैरहवा तथा काठमाडौंलगायतका सहरमा रहेको नीजि विद्यालयहरूमा पढ्न पठाएको तथ्याङ्क प्राप्त भएको छ ।

सो तथ्याङ्कले स्थानीय समुदायका व्यक्तिहरूको नीजि विद्यालयप्रतिको आकर्षण बढिरहेको अवस्था दर्शाउँछ । उक्त अवस्थालाई विश्लेषण गर्दै स्थानीय सरकारी विद्यालयहरूमा पनि अंग्रेजी माध्यमबाट पठनपाठन सुरू गरी शैक्षिक गुणस्तर वृद्धि गर्न सके अङ्ग्रेजी भाषाकै लागि उपमहानगरपालिकाबाट पढ्नको लागि बाहिर जाने अवस्थालाई कम गर्न सकिने सम्भावना देखिन्छ । विस्तृत विवरण चित्र नं २५ मा उल्लेख गरिएको छ ।

**चित्र नं.-२५:** बालबालिकालाई नीजि विद्यालय पढ्न पठाएको संख्या



# खण्ड-चार:
# अध्ययनका लागि विदेश गएका व्यक्तिहरूसँग सम्बन्धित विवरण

## ४. अध्ययनका लागि विदेश गएका व्यक्तिहरुको जनसाङ्ख्यिक विवरण

### ४.१ अध्ययनका लागि विदेश गएका व्यक्तिहरुको लैङ्गिक तथा जातिगत विवरण

तुलसीपुर उपमहानगरपालिकाभित्रको कुल ४६,०१८ घरधुरीमध्ये २.६ प्रतिशत (१,२४६) घरधुरीका युवाहरू अध्ययनको लागि विदेशमा रहेको तथ्याङ्क प्राप्त भएको छ । १,२४६ घरधुरीबाट १,३९० जना युवाहरू विदेश अध्ययन गर्न गएका छन्, जसमा ३० प्रतिशत महिला रहेका छन् । अध्यनका लागि विदेश गए पनि अधिकांशले अध्ययनका साथसाथै रोजगारी गरिरहेको विवरण प्राप्त भएको छ । सबैभन्दा बढी वडा न. ६ बाट २४७ घरधुरीबाट गएका छन् भने सबैभन्दा कम वडा न. १४ बाट ५ घरधुरी बाट विदेश अध्ययन गर्न गएका छन् ।

चित्र-२६: वडागत घरधुरी संख्या र वैदेशिक रोजगारमा रहेका संख्या




तुलसीपुर उपुमहानगरपालिकाबाट अध्ययनका लागि विदेश जानेहरूको जातिगत रूपमा विश्लेषण गर्ने हो भने ७८ प्रतिशत ब्राह्मण/क्षेत्री समुदायका रहेका छन् । त्यस्तैगरी १५ प्रतिशत जनजाति समुदायको, ६ प्रतिशत दलित समुदायको र १ प्रतिशत मुस्लिम र अन्य समुदायका रहेका छन् ।

तालिका नं.२७
अध्ययनमा रहेको व्यक्तिको जातिगत विवरण




चित्र-२८ : अध्ययनमा रहेका व्यक्तिको लैंगिक विवरण



## ४.२. अध्ययनका लागि विदेश गएका व्यक्तिहरु गएको देश र लगानीको अवस्था सम्बन्धी विवरण

यस उपमहानगरपालिकाबाट अध्ययनको लागि अमेरिका, अस्ट्रेलिया र युरोपका देशहरू मुख्य अध्ययन गन्तव्यको रूपमा छनौट गरेको विवरण प्राप्त भएको छ । अध्ययनका लागि विदेश गएका जम्मा १,३९० जनामध्ये सबैभन्दा बढी ३७ प्रतिशत अष्ट्रेलिया गएका छन् । त्यसैगरी ३५ प्रतिशत जापान, ८ प्रतिशत अमेरिका, ५ प्रतिशत दक्षिण कोरिया, ४ प्रतिशत बेलायत, जर्मनी, फ्रान्स, र रसियामा क्रमस १/१ प्रतिशत र बाँकी ९ प्रतिशत अन्य देशमा अध्ययनको लागि गएका छन् । अध्ययनका लागि छनौट गरिएको देशगत विस्तृत विवरण चित्र नं. २९ उल्लेख गरिएको छ ।

चित्र-२९: वैदेशिक रोजगारबाट फर्केको व्यक्तिको मुख्य गन्तव्यमुलुक




विप्रेषणले देशको अर्थिक अवस्था चलायमान बनाएको छ र देशले प्राप्त गरेको विप्रेषणमा वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूले योगदान अतुल्य छ तर विदेशमा अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई भुक्तानी गरेको रकमको लेखजोखा तथा विश्लेषण गर्न आवश्यक रहेको छ । यस उपमहानगरपालिकामा वार्षिक करिब २ अर्ब ८४ करोड विप्रेषण प्राप्त भएको देखिन्छ भने २ अर्ब ७१ करोड अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई तिरेको तथ्याङ्क प्राप्त भएको छ । जुन मननयोग्य विषय हो । वडागत रूपमा अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई तिरेको विवरण चित्र नं. ३० मा हेर्न सकिन्छ ।

चित्र-३०: वडागत रकम बाहिर गएको विवरण



## ४.३. अध्ययनका लागि विदेश गएका व्यक्तिहरुको रोजगारसँग सम्वन्धित विवरण

अध्ययनको लागि विदेश गए पनि अध्ययन सँगसँगै काम पनि गर्ने र आफ्नो भविष्य सुनिश्चित गर्ने उद्देश्यले नेपालीहरू विदेश गएको देखिन्छ । यस उपमहानगरपालिकाबाट कुल १,३९० जना अध्ययनका लागि विदेश गएकामध्ये १,०८१ जनाले अध्ययन सँगसँगै काम पनि गरिरहेका छन् भने ३०९ जनाले अध्ययन मात्र गरिरहेको विवरण प्राप्त भएको छ । अध्ययनका लागि जाने विद्यार्थीहरूले अध्ययनका साथसाथै काम गरे पनि कमाएको पैसा विश्वविद्यालयको शुल्क, खान बस्न नै ठिक्क हुने गरेको र अध्ययनका लागि विदेश गएकाले नेपालमा पैसा पठाउन हुण्डीमार्फत पैसा पठाउने भएकोले विप्रेषणमा ठुलो योगदान भने देखिदैन ।

चित्र-३१ :अध्ययनका लागि विदेश गएका व्यक्तिहरुको रोजगारसँग सम्वन्धित विवरण



# खण्ड-पाँच:
# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिसँग सम्बन्धित विवरण

## ५. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको जनसाङ्ख्यिक विवरण

तुलसीपुर उपमहानगरपालिकाबाट वैदेशिक रोजगारीमा गएका १२,२६६ घरधुरीका कुल १३,२९९ जनामध्ये २९५७ घरधुरीका ३०५९ (२३ प्रतिशत) जना स्वदेश फर्किसकेको तथ्याङ्क प्राप्त भएको छ। वैदेशिक रोजगारीबाट स्वदेश फर्केकामध्ये सबैभन्दा बढी वडा नं. १९ बाट सबैभन्दा बढी ३१० जना (कुल फर्केको सङ्ख्याको १० प्रतिशत), वडा नं. १५ बाट २३५ जना (कुल फर्केको सङ्ख्याको ८ प्रतिशत), त्यसै गरी वडा नं. १७ वाट २३३ जना (कुल फर्केको सङ्ख्याको ८ प्रतिशत), वडा नं. १० वाट २३० जना (कुल फर्केको सङ्ख्याको ८ प्रतिशत) स्वदेश फर्केको तथ्यांक प्राप्त भएको छ भने सवै भन्दा कम वडा नं. ९ वाट ३८ जना (कुल फर्केको सङ्ख्याको १ प्रतिशत) स्वदेश फर्किसकेको विवरण प्राप्त भएको छ। वडागत विस्तृत विवरण चित्र नं. ३२ मा उल्लेख गरिएको छ।

**चित्र-३२: वडागत वैदेशीक रोजगारीमा गएको र वैदेशिक रोजगारीबाट फर्केको संख्या**




वैदेशिक रोजगारीबाट फर्केर आएका जम्मा ३,०५९ जनामध्ये सबैभन्दा धेरै ३ वर्ष भन्दा बढी बसेर फर्केको ११५० जना (कुल फर्केर आएको सङ्ख्याको ३८ प्रतिशत), २ वर्षसम्म बसेर फर्किने ६८७ जना (कुल फर्केर आएको सङ्ख्याको २२ प्रतिशत), ३ वर्षसम्म बसेर फर्किने ६७६ जना (कुल फर्केर आएको सङ्ख्याको २२ प्रतिशत), १ वर्षसम्म बसेर फर्किने ३३९ जना (कुल फर्केर आएको सङ्ख्याको ११ प्रतिशत) रहेका छन् भने सबैभन्दा कम ६ महिने मात्र बसेर फर्किने २०७ जना (कुल फर्केर आएको सङ्ख्याको ७ प्रतिशत) रहेको विवरण प्राप्त भएको छ। वडागत विस्तृत विवरण चित्र नं. ३३ मा उल्लेख गरिएको छ। तालिका नं. ३३

| वार्ड न. | १ बर्ष सम्म बस्नेको सङ्ख्या | २ बर्ष सम्म बस्नेको सङ्ख्या | ३ बर्ष सम्म बस्नेको सङ्ख्या | ३ वर्ष भन्दा बढी समय सम्म बस्नेको सङ्ख्या | ६ महिना सम्म बस्नेको सङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २० | ४० | ५९ | ५६ | ८ | १८३ |
| २ | १४ | ४० | ५५ | ४० | ३ | १५२ |
| ३ | १२ | १९ | ३५ | २९ | १४ | १०९ |
| ४ | ९ | ४० | ३६ | ५७ | २३ | १६५ |
| ५ | १४ | ३१ | ३० | ८० | १५ | १७० |
| ६ | १५ | २५ | १२ | ११४ | ८ | १७४ |
| ७ | ४ | १० | ४६ | ४२ | ५ | १०७ |
| ८ | १४ | ३१ | ४३ | ६४ | ९ | १६१ |
| ९ | ८ | ५ | ७ | १७ | १ | ३८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | २५ | ५४ | ५६ | ८३ | १२ | २३० |
| ११ | १८ | ५३ | १८ | २७ | ११ | १२७ |
| १२ | ६ | ७ | ३२ | १३४ | १ | १८० |
| १३ | २० | ८ | २२ | ६ | १८ | ७४ |
| १४ | ८ | १० | १२ | ४४ | ६ | ८० |
| १५ | ३६ | ५३ | ३९ | ८८ | १९ | २३५ |
| १६ | १५ | ५१ | ५९ | ६७ | ११ | २०३ |
| १७ | ३२ | ४८ | ३६ | १०५ | १२ | २३३ |
| १८ | १७ | २२ | २१ | ५५ | १३ | १२८ |
| १९ | ५२ | १४० | ५८ | ४२ | १८ | ३१० |
| जम्मा | ३३९ | ६८७ | ६७६ | ११५० | २०७ | ३०५९ |

## ४.१ वैदेशिक रोजगारीबाट फर्केकाका व्यक्तिहरुको जातिगत, लैंगिक तथा उमेरगत विवरण:

वैदेशिक रोजगारीबाट फर्केका ३०५९ जनालाई जातिगत रूपमा हेर्ने हो भने ४५ प्रतिशत ब्राह्मण-क्षेत्री समुदायका रहेका छन् । त्यसैगरी ३८ प्रतिशत जानजाति समुदायका, १५ प्रतिशत दलित समुदायका रहेका छन् भने बाँकी २ प्रतिशत मुस्लिम र अन्य समुदायका रहेका छन् । वैदेशिक रोजगारीबाट फर्केका कुल सङ्ख्यामध्ये महिला ३ प्रतिशत रहेको छ । जातिगत विस्तृत विवरण तालिका ३४ मा उल्लेख गरिएको छ ।

उमेरगत रूपमा तुलना गर्दा ३१ देखि ४० वर्ष उमेर समूहका सबैभन्दा बढी १५५० जना (५१ प्रतिशत) स्वदेश फर्केका छन् । त्यसैगरी २१ देखि ३० वर्ष उमेर समूहका ९६१ जना (३१ प्रतिशत), ४१ देखि ५० वर्ष उमेर समूहका ५०२ जना (१६ प्रतिशत) स्वदेश फर्केका छन भने सबैभन्दा कम ८ जना १८ देखि २० वर्ष उमेर समूहका रहेका छन् । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको उमेरगत विवरण चित्र नं. ३५ मा हेर्न सकिन्छ ।

तालिका नं.३४
वैदेशिक रोजगारीबाट फर्केकाका व्यक्तिको जातिगत




चित्र नं. ३५: वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको उमेरगत विवरण




## ४.२ वैदेशिक रोजगारीबाट फर्किनुका कारण

वैदेशिक रोजगारीबाट फर्केर आएकामध्ये ४५ प्रतिसतले करार सम्झौता अवधि पूरा भएका कारण स्वदेश फिर्किएका छन् । त्यसैगरी ११ प्रतिशत कम्पनी टुटेर, ११ प्रतिशत राजीनामा दिएर, १० प्रतिशत स्वास्थ्य समस्या कारण, ८ प्रतिशत कम्पनीले करार नसकिदै फिर्ता पठाएर, १ प्रतिशत मेडिकल फेल भएर र १४ प्रतिशत अन्य विभिन्न कारणले स्वदेश फर्केको विवरण तथ्यांक सङ्कलनको क्रममा प्राफत भएको छ । चित्र नं. ३६ मा फर्किनुको कारण सम्वन्धि विवरण हेर्न सकिन्छ ।

**चित्र नं.-३६:** वैदेशिक रोजगारबाट फर्किनुको कारण




## ४.३ मुख्य गन्तव्य मुलुक तथा फर्केर आएका व्यक्तिहरुले आर्जन गरेका सीप तथा दक्षता:

यस उपमहानगरपालिकामा सबैभन्दा बढी व्यक्तिहरू मलेसिया र खाडी मुलुकबाट फर्केर आएका छन् । वैदेशिक रोजगारीबाट फर्केर आएका ३,०५९ जनामध्ये साउदी अरबबाट सबैभन्दा बढी ३५ प्रतिशत युवाहरू फर्केका छन् । त्यसपछि क्रमशः मलेसियाबाट २८ प्रतिशत, यू.ए.ई.(दुबई) बाट १९ प्रतिशत, कतारबाट १५ प्रतिशत युवाहरू स्वदेश फर्केको अवस्था छ भने बाँकी ३ प्रतिशत अन्य मुलुकबाट फर्केको अवस्था रहेको छ । वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको विवरण चित्र नं. ३७ मा उल्लेख गरिएको छ ।

**चित्र-३७ : वैदेशिक रोजगारबाट फर्केको व्यक्तिको मुख्य गन्तव्य मुलुक**




वैदेशिक रोजगारीबाट फर्केर आएकामध्ये ६६ प्रतिशतले विभिन्न विधामा सीप तथा दक्षता हासिल गरी स्वदेश फर्केका छन् भने ३४ प्रतिशतले केही सीप आर्जन गरे पनि स्पष्ट विधामा सीप तथा ज्ञान हासिल नगरी स्वदेश फार्केको विवरण प्राप्त भएको छ । सीप तथा दक्षताको आधारमा विष्लेशण गर्ने हो भने सबैभन्दा बढी क्लिनर ८ प्रतिशत, कुकमा ७ प्रतिशत, सेक्युरिटी गार्डमा ६ प्रतिशत, ड्राईभर ६ प्रतिशत, डकर्मी ५ प्रतिशत रहेको छ । त्यसैगरी प्लम्बर, पेन्टर, हाउसकिपिङ, वेटर, स्काफोल्डिङ, गार्मेन्ट, इलेक्ट्रिसियन, स्काफोल्डिङ जस्ता सीप तथा दक्षता हासिल गरी स्वदेश फर्केको विवरण प्राप्त भएको छ । विषयगत सीप सम्बन्धी विवरण चित्र नं. ३८ मा उल्लेख गरिएको छ ।

चित्र-३८: वैदेशिक रोजगारमा फर्केको व्यक्तिलसंग भएको सिप




यसरी वैदेशिक रोजगारीबाट फर्किदा सीप तथा दक्षता लिएर आएका व्यक्तिहरूलाई क्षेत्रगत विज्ञताको आधारमा योजनाबद्ध रूपमा परिचालन गर्नसके स्थानीय विकास प्रक्रियामा महत्वपूर्ण योगदान पुग्नसक्ने देखिन्छ । कतिपय व्यक्तिहरूसँग सीप तथा दक्षता हुँदाहुँदै पनि आफूसँग सीप र दक्षताको प्रमाण-पत्र नभएको कारण स्थानीयस्तरमा रोजगारीको अवसरहरू तथा प्रतिस्पर्धामा सहभगी हुनबाट बञ्चित हुनुपरेको अवस्था समस्याको रूपमा प्राप्त भएका छन् । वैदेशिक रोजगारीबाट फर्केर आएकाले आफूसँग भएको सीपलाई परीक्षण गर्ने योजना रहेको बताएका छन् । यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायसँगको सहकार्यमा सीप परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी रोजगार तथा स्वरोजगार सिर्जना गर्न थोरै भए पनि प्रोत्साहन हुने देखिन्छ ।

चित्र नं. ३९ वैदेशिक रोजगारीबाट फर्केकाहरुको अवस्था




## ४.४ वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरुको अवस्था, संलग्नता तथा योजना

वैदेशिक रोजगारीबाट फर्केका ३,०५९ जनामध्ये करिब ३६ प्रतिसत व्यक्तिहरू पुन: वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका छन् भने २२ प्रतिसत व्यक्तिहरू कृषि पेसामा

आबद्ध रहेका छन् । करिव २० प्रतिशत व्यक्तिहरू बेरोजगार रहेकाले जागिरको खोजीमा रहेको तथ्याङ्क प्राप्त भएको छ । रोजगारीको खोजीमा रहेको सङ्ख्या ठुलो भए पनि हालसम्म जागिर गरिरहेका सङ्ख्या २ प्रतिसत, स्वरोजगारमा संलग्न सङ्ख्या ८ प्रतिशत, होटल व्यवसाय गरिरहेका १ प्रतिशत, पशुपालनमा संलग्न सङ्ख्या ३ प्रतिशत र अन्य व्यवसायमा संलग्न सङ्ख्या ८ प्रतिशत रहेका छन् ।

स्वरोजगार गरिरहेका व्यक्तिहरू स्थानीय स्तरमा तरकारी खेती फलफूल खेती, बाख्रापालन, व्यपार तथा कुखुरापालनलगायतका क्षेत्रमा संलग्न रहेको पाइएको छ । जसको विस्तृत विवरण चित्र नं. ३९ मा प्रस्तुत गरिएको छ ।

त्यसै गरी २१० जना युवाहरूले स्थानीयस्तरमा आयआर्जन सम्बन्धी क्रियाकलापहरू सुरूवात गर्ने योजना बनाएको पाइएको छ । जसको वडागत चित्र नं. ४० मा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

*चित्र नं. ४० व्यावसाय शुरू गर्ने योजना भएका व्यक्तिको सङ्ख्या*

| वार्ड नं | व्यवसाय शुरु गर्ने योजना भएका व्यक्तिको सङ्ख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्य | कुखुरा पालन | गाईपालन | तरकारी खेती | फलफुल खेती | यहि रोजगार गर्ने | वंगुरपालन | वाखा पालन | होटल व्यवसाय | जम्मा |
| १ | ४ | | | ५ | | | | ४ | २ | १५ |
| २ | | | | | | | | | | ० |
| ३ | ३ | | | २ | १ | ४ | | | | १० |
| ४ | | २ | | | | | १ | १ | | ४ |
| ५ | | | | १ | | | | | | १ |
| ६ | १ | | | | | १ | १ | | | ३ |
| ७ | | २ | | ३ | | ८ | | | | १३ |
| ८ | | | | | | | | | | ० |
| ९ | १ | | | | | | | | | १ |
| १० | | | | | | | | | | ० |
| ११ | १ | | | | | | | १ | | २ |
| १२ | | | | | | | | | | ० |
| १३ | | ४ | १ | १ | | | १ | ८ | | १५ |
| १४ | ६ | | | | | १ | | ३ | | १० |
| १५ | २ | ७ | | २ | | १ | ३९ | ५४ | | १०५ |
| १६ | १ | | | | | | | १ | | २ |
| १७ | १ | | | | | १ | | | | २ |
| १८ | १ | | | १ | | | | १ | | ३ |
| १९ | | ४ | | ३ | | | २ | १० | ५ | २४ |
| जम्मा | २१ | १९ | १ | १८ | १ | १६ | ४४ | ८३ | ७ | २१० |

विदेशमा मेहनतका साथ कमाएको रकमलाई आयमूलक क्रियाकलाप तथा व्यवसाय सञ्चालनमा लगानी गर्ने सोच आफैमा महत्वपूर्ण छ । व्यवसाय सुरूवात गर्ने योजना बनाएका सबै युवाहरूमा सोसम्बन्धी ज्ञान, सीप तथा पर्याप्त पुँजी नभएको अवस्था पनि देखिएको छ । यस्तो अवस्थामा उनीहरूले बनाएको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि स्थानीय सरकारमार्फत प्राविधिक सहयोग तथा सहुलियत कर्जा

लगायतका सहयोगको आपेक्षा राखेको तथ्याङ्क पनि प्राप्त भएको छ । यसरी अपेक्षा राख्नेमध्ये १ प्रतिशतले व्यवसायसम्बन्धी थप तालिम, १ प्रतिशतले व्यवसायमा छुट, १ प्रतिशतले आवश्यक सामग्री सहयोग र ३ प्रतिशतले सहुलियत कर्जाको अपेक्षा देखाएको विवरण प्राप्त भएको छ ।

नेपाल फर्किएर व्यवसाय गर्न चाहनेका लागि वैदेशिक रोजगारीबाट फर्किएर आएका अन्य सफल व्यवसायीहरूसँग सिकाइ आदान-प्रदान तथा थप ऊर्जा, उत्प्रेरणा समेत जगाउन आवश्यक सहजीकरण गर्नसक्ने अवसर देखिन्छ । यसको साथै कच्चा सामग्रीको सहज उपलब्धता, सिंचाई सुविधा, अनुदान प्राप्ति, बजार व्यवस्थापनलगायतका चुनौतिहरूमा आवश्यक सहजीकरणको अपेक्षा राखेका छन् । यसलाई विस्तृत रूपमा अनुसूची २ मा उल्लेख गरिएको छ ।

# खण्ड-छ

# उपमहानगरपालिका भित्रको वैदेशिक रोजगारसँग सम्बन्धित महत्वपूर्ण सवालहरू

## ६. तुलसीपुर उपमहानगरपालिकाभित्रको वैदेशिक रोजगारसँग सम्बन्धित महत्वपूर्ण सवालहरु तथा सुझावहरु

| महत्वपूर्ण सवालहरू | महत्वपूर्ण सुझावहरू | प्रस्तावित क्रियाकलापहरू | जिम्मेवारी |
|---|---|---|---|
| ▪ सीप तालिम सिकेर वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या अत्यन्त न्यून रहेको पाइएको छ । विदेशमा कार्यरत ८,८५० जना युवा मध्ये १,११८ जना (१३ प्रतिशत) ले सीप सिकेर गएका छन् । परिणामस्वरूप वैदेशिक रोजगारमा रहेका युवाहरूले अपेक्षा अनुरूपको तलब तथा सुविधाहरू प्राप्त गर्न सकिरहेको अवस्था देखिदैन । | ▪ गन्तव्य मुलुकमा गर्नुपर्ने कामसम्बन्धी सीपको अभावले युवाहरूले कार्यथलोमा विभिन्नखाले अवहेलना खेप्नुका साथै जोखिमपूर्ण काम गर्नु परिरहेको जानकारी प्राप्त भएको छ । यी सवाल तथा समस्याहरूलाई सम्बोधनका लागि वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्तिहरूलाई लक्षित गरी सीप तालिमको महत्वको बारेमा व्यापक सचेतना विस्तार गर्नुपर्ने देखिन्छ । साथै वैदेशिक रोजगारीमा जाने निर्णय गरिसकेको युवाहरूलाई लक्षित गरी सम्बन्धित निकायहरूसँगको समन्वयमा सीप तालिम सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ । | ▪ सीप, तालिमको महत्वको बारेमा व्यापक सचेतना विस्तारको लागि वडा कार्यालय तथा सार्वजनिक स्थलमा जानकारीमूलक होडिङ बोर्ड राख्ने ।<br>▪ जानकारीमूलक पर्चा पम्प्लेट विकास गरी वितरण गर्ने ।<br>▪ वस्ती तथा वडा तहमा सचेतनामूलक अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | ▪ वडा कार्यालय र उपमहानगरपालिकाको कार्यालय । |
| ▪ सुरक्षित आप्रवासन प्रक्रिया तथा गन्तव्य मुलुकको हावापानी, धर्मसंस्कृती, ट्राफिक नियम लगायतका बारेमा जानकारी नलिई वैदेशिक रोजगारमा जाने क्रममा ठगि, अलपत्र तथा विभिन्न खाले समस्याहरू रहेको पाइएको छ । वैदेशिक रोजगारमा कार्यरत करिब ५ प्रतिशत युवाहरूले सम्झौता बमोजिमको काम र तलब सुविधा नपाएको लगायतका समस्याहरू भोगिरहेका छन् । | ▪ वैदेशिक रोजगारमा गएका मध्ये करिव ५३ प्रतिशतले मात्र वैदेशिक रोजगारमा जादाँ आवश्यक सूचना तथा परामर्श लिएर गएको पाइएको छ । उक्त तथ्याङ्कलाई नियाल्दा स्थानक्ष्य स्तरमा सुरक्षित वैदेशिक रोजगारको विषयमा सचेतनाका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ । | ▪ सम्भावित ठगीबाट जोगिन र सुरक्षित वैदेशिक रोजगारको विषयमा सचेतना विस्तार गर्न वस्ती तथा वडा तहमा सचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने साथै वडा कार्यालय तथा सार्वजानिक जानकारीमूलक होर्डिङ बोर्ड राख्ने ।<br>▪ ठगी लगायतका विभिन्न समस्यामा परेका व्यक्तिहरूलाई आवश्यक सहयोग तथा सहजीकरणका लागि जिल्ला प्रशासन कार्यालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, कन्सुलर सेवा विभाग तथा दुतावास लगायतका निकायहरूसँग समन्वय गर्ने । | ▪ वडा कार्यालय र उपमहानगरपालिकाको कार्यालय । |

| | | | |
|---|---|---|---|
| ■ नगरपालिका भित्र वार्षिक करिब २ अर्ब ८४ करोड २० लाखको हाराहारीमा विप्रेषण भित्रिने गरेको छ । उक्त रकमको अधिकांश हिस्सा घरखर्च,स्वास्थ्य, शिक्षा, ऋण तिर्न लगायतको क्षेत्रमा खर्च भएको पाइएको छ । यसको अलवा १५ प्रतिशत रकम बचत, २ प्रतिशत ऋण लगानी र १ प्रतिशत मात्र | ■ व्यवसाय सञ्चालन तथा आयआर्जनका क्षेत्रमा परिचालनको लागि स्थानीय श्रोत, साधन तथा बजारको अवस्था विश्लेषण गरी सम्बन्धित सरोकारवालाहरूको सहभागितामा तथ्यगत नीति तथा योजना निर्माण तथा कार्यान्वयनमार्फत स्थानीयस्तरमा स्वरोजगारी तथा रोजगारी सिर्जना गर्न सकेमा चक्रिय रूपमा वैदेशिक रोजगारमा जानुपर्ने अवस्थालाई न्यूनीकरण गर्न सकिने देखिन्छ । | ■ वैदेशिक रोजगारीबाट विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई वित्तीय साक्षरता कक्षा सञ्चालन गर्ने ।<br>■ गरिबी निवारणका लागि उद्यमशीलता (मेड्पा) कार्यक्रममा आबद्ध गर्ने, नगरपालिकाको कृषि, सहकारी, महिला तथा अन्य शाखाहरूका कार्यक्रमहरूमा सहभागिता गराई विप्रेषणलाई सदुपयोग गर्ने सीप अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने । | ■ वडा कार्यालय र उपमहानगरपालिकाको कार्यालय । |
| ■ वैदेशिक रोजगारका कारण व्यक्ति तथा परिवारमा बेमेल, घरेलु हिंसा, आरोप लान्छाना, वृद्धवृद्धाहरू एक्लिने (सहारा विहिन) जस्ता घटना भेटिएका छन् । जसको कारणले गर्दा व्यक्ति तथा परिवारमा मनोसामाजिक समस्याहरू देखिन थालेका छन् । | ■ समग्रमा भन्नुपर्दा वैदेशिक रोजगारीका कारण व्यक्ति, परिवार तथा समाजमा विभिन्न खालका समस्याहरू पनि सिर्जना हुँदै गइरहेको छ । भौतिक निर्माण विकासका प्राथमिकताहरू केन्द्रित हुँदा यस्ता सामाजिक समस्याहरू पछि पर्दै गइरहेका छन् । | ■ उक्त समस्यालाई समयमा नै सम्बोधन गर्नको लागि उपमहानगरपालिकामार्फत पारिवारिक/सामाजिक पुनःएकीकरण तथा मनोसामाजिक परामर्श सेवालगायतका पहलहरू योजनाबद्ध रूपमा सञ्चालन हुन सके सन्तुलित विकासमा सघाउ पुगी समृद्ध समाज निर्माणमा मद्दत पुग्ने देखिन्छ । | ■ स्वास्थ्य शाखा, वडा कार्यालय र उपमहानगरपालिकाको कार्यालय |
| ■ बालबालिकालाई गुणस्तरीय शिक्षा दिने (खास गरी बोर्डिङ पढाउने) बहानामा वैदेशिक रोजगारमा रहेकोमध्ये करिब १२ प्रतिशत व्यक्तिका परिवारका सदस्यहरू सदरमुकाम लगायतका सहरहरूमा बसोबास गर्दै आएको पाइएको छ । जसले गर्दा परिवारमा जेष्ठ नागरिकहरू मात्रै बस्नु पर्ने अवस्था देखिएको छ । | ■ परिवारका सदस्यहरू वैदेशिक रोजगारमा गएका कारण जेष्ठ नागरिकहरूलाई अपेक्षाकृत रूपमा हेरचाह तथा आवश्यक सहयोग प्राप्त भइरहेको छैन । कतिपय परिवारका जेष्ठ नागरिकहरू सहाराविहीन बन्दै गइरहेको अवस्था पनि पाइएको छ । वैदेशिक रोजगारमा संलग्न कुल ८,०६३ घरधुरीमध्ये करिब ४ प्रतिशत घरधुरीका जेष्ठ नागरिकहरू मात्र बसोबास गरिरहेको पाइएको छ । | ■ स्थानीय विद्यालयहरूमा अङ्ग्रेजी माध्यमबाट पठनपाठनलाई प्रभावकारी रूपमा सञ्चालन गर्नसके उक्त क्रमलाई न्यूनीकरण गर्न सक्ने देखिन्छ ।<br>■ एक्लिएका बालबच्चा तथा जेष्ठ नागरिकहरूको लागि राहत तथा सहयोग हुने किसिममा कार्यक्रमहरू सञ्चालन गर्नु पर्ने देखिन्छ । | ■ शिक्षा शाखा, वडा कार्यालय र नगरपालिकाको कार्यालय । |

| | |
|---|---|
| ▪ वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूमध्ये ६६ प्रतिसत अर्थात २,०१८ जनाले कुनै न कुनै सीप लिएर फर्केको पाइएको छ । यसको अलावा प्रमाण-पत्र नभएको तर सीप भएका व्यक्तिहरूको सङ्ख्या पनि उल्लेख्य सङ्ख्यामा पाइएको छ । उनीहरूलाई क्षेत्रगत विज्ञताको आधारमा योजनाबद्ध रूपमा विकास निर्माण तथा सेवा क्षेत्रमा परिचालन गर्नसके स्थानीय विकास प्रक्रियामा महत्वपूर्ण सहयोग पुग्नसक्ने देखिन्छ । | ▪ वडा कार्यालय उपमहानगरपालिकाको कार्यालय । |
| ▪ कतिपय व्यक्तिहरूसँग सीप तथा दक्षता हुँदाहुँदै पनि साथमा प्रमाण-पत्र नहुदाँ स्थानीय रोजगारीका अवसरहरूमा प्रतिस्पर्धामा सहभागी हुनबाट बञ्चित हुनु परेको समस्याहरू पनि प्राप्त भएका छन् । यस्ता व्यक्तिहरूमध्ये १,७३३ जनाले आफूसँग भएको सीपलाई परीक्षण गर्ने योजना रहेको बताएका छन् । यस्तो अवस्थामा स्थानीय सरकारले सम्बन्धित निकायहरूसँगको सहकार्यमा सीप परीक्षण सम्बन्धीका कार्यक्रमहरू सञ्चालन गर्न सके प्रभावकारी हुन सक्ने देखिन्छ । | |
| ▪ वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूमध्ये १,३५८ जना व्यक्तिहरू विभिन्न स्वरोजगारी/व्यवसायमा संलग्न रहेको देखिन्छ । यसको अलावा २१० जना युवाहरूले स्थानीयस्तरमा आयआर्जन सम्बन्धी क्रियाकलापहरू सुरूवात गर्ने योजना बनाएको पाइएको छ । | |
| ▪ उनीहरूको पहलले स्थानीयस्तरमा उत्पादन वृद्धि हुनुका साथै स्वरोजगारी तथा सिर्जना महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । उनिहरूद्वारा सञ्चालित व्यवसाय तथा उद्यमहरूलाई प्रर्वद्धनका लागि उपमहानगरपालिकाद्वारा आवश्यकतामा आधारित प्राविधिक सहयोग, अन्य सहयोग तथा अनुदान जस्तै सिँचाई सुविधा विस्तार, बजार व्यवस्थापन तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सके महत्वपूर्ण सहयोग हुने देखिन्छ । | |
| ▪ वैदेशिक रोजगारमा जानुपर्ने बाध्यात्मक अवस्थालाई न्यूनीकरण गर्नेतर्फ तुलसीपुर उपमहानगरपालिकाको उच्च प्राथमिकता रहेको पाइएको छ । स्थानीयस्तरमा रोजगारी सिर्जनाका लागि पहलहरू भए पनि युवाशक्तिको लागि गुणस्तरीय एवम् उनीहरूको चाहना अनुरूपको रोजगारीको अवसर उपलब्ध नभइरहेको सन्दर्भमा वैदेशिक रोजगार एउटा बलियो विकल्पको रूपमा देखिएको छ । साथै वैदेशिक रोजगार छनौटको विषय भएकोले यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै यसबाट प्राप्त लाभको वृद्धि गरी लागत न्यूनीकरणमा केन्द्रित हुनु आवश्यक देखिन्छ । जसको लागि सुरक्षित वैदेशिक रोजगारको क्षेत्रमा नीति निर्माण गर्ने साथै नगरपालिकाको वार्षिक तथा आवधिक योजनाहरूमा सुरक्षित वैदेशिक रोजगार एवम् पारिवारिक सामाजिक पुनःएककीरणको विषयलाई समावेश गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्न सके यस क्षेत्रको व्यवस्थापनमा महत्वपूर्ण योगदान पुग्न सक्छ । | |
| ▪ हाल उच्च शिक्षा अध्ययनका लागि विभिन्न देशहरूमा जाने क्रम बढी रहेको छ । वैदेशिक रोजगारीमा संलग्न ३,२९९ जनामध्ये १,३९० जना यस उपमहानगरपालिकाबाट अध्ययनका लागि गएको तथ्याङ्क प्राप्त भएको छ । स्वदेशमा रोजगारीका अवसर पर्याप्त नभएका कारण अध्ययनका लागि विदेश गए पनि काम गरेर पैसा कमाउने तथा उज्वल भविष्य बनाउने नै लक्ष्य रहेको देखिन्छ । यस उपमहानगरपालिकामा वार्षिक करिब २ अर्ब ८४ करोड विप्रेषण भित्रिएको देखिए ता पनि २ अर्ब ७१ करोड अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई तिरेको तथ्याङ्क प्राप्त भएको छ । विदेशमा अध्ययनका लागि जाने विद्यार्थीहरूले गन्तव्य मुलुकका विश्वविद्यालयहरूलाई भुक्तानी गरेको रकमको लेखजोखा तथा विश्लेषण गर्न आवश्यक रहेको छ । । जुन मननयोग्य विषय हो । | |

| | |
|---|---|
| ▪ वैदेशिक रोजगारले अवसरका साथै चुनौती पनि सृजना गरेको छ । आप्रवासन प्रक्रियाका विभिन्न चरणमा ठगिदै गन्तव्य मुलुकमा पुग्ने गरेको घटनाहरू सबैमा वितिदै छ । गन्तव्य मुलुकको बारेमा आधारभूत जानकारीहरू (आधारभूत कानून, ट्रफिक नियम, भाषा आदी), सीपयुक्त जनशक्ति अभावका कारण कार्य स्थलमा नै दैनिक रूपमा विभिन्नखाले घटना गन्तव्य मुलुकमा घट्ने गरेको छ । विभिन्नखाले समस्यामा पनि वैदेशिक रोजगारीमा गएकाहरूको लास ३ देखि ५ वटा काठको बाकसमा नेपाल आउने गरेको तथ्याङ्क वैदेशिक रोजगार विभागको तथ्याङ्कले सार्वजनिक गरेको छ । वैदेशिक रोजगारीमा जानेहरूको सङ्ख्या वृद्धिसँगै यो सङ्ख्या वृद्धि हुनसक्ने अनुमान गरिएको छ । जन्मपछि मृत्यु स्वभाविक हो तर वैदेशिक रोजगारीमा जाँदा स्वास्थ्य परीक्षण गराई युवा उमेरमा नै दैनिक रूपमा यस्तो घटना घट्नु पक्कै पनि सामान्य होइन । यस उपमहानगरपालिकामा हाल सम्म ३० जनाले वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाई सकेको र १४ जनाको अङ्गभङ्ग भएको तथ्याङ्क प्राप्त भएको छ । यसरी मृत्यु तथा अङ्गभङ्ग भएकाहरूमध्ये अधिकांशले वैदेशिक रोजगार बोर्ड तथा बीमा कम्पनीबाट पाउने आर्थिक सहायता पाउनबाट बञ्चित हुनुपरेको अवस्था तथ्याङ्कले देखाएको छ । अधिकांश श्रम अवधि भन्दा बढी बस्ने, अबैधानिक तरिकाले वस्ने, आवश्यक कागजात अभावले आर्थिक सहायता पाउनबाट बञ्चित हुनु परेको विवरण प्राप्त भएको छ । | ▪ वडा कार्यालय उपमहानगरपालिकाको कार्यालय । |

## ६.१ तथ्याङ्कको सार्वजनिकीकरण, सञ्चार तथा प्रयोगसम्बन्धी योजना

